जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ सालको सुखद अवसरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

रेडियो टुडे ५१ मेगाहर्ज | टीभी टुडे जनकपुर राष्ट्रिय च्यानल | जनकपुर टुडे राष्ट्रिय दैनिक

परिवार, जनकपुरधाम

वर्ष २६ •अंक ३१७ • २०८२ साल बैशाख १ गते सोमबार (14 April, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## वीरगञ्जमा पाँच बुँदे सहमति, कर्फ्यु हट्ने

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकामा दुई समुदायबीच उत्पन्न तनाव साम्य बनाउन पाँच बुँदे सर्वदलीय सहमति भएको छ।

वीरगञ्जमा दुई फरक धर्म समुदायबीचको विवाद र झडपका कारण शनिबारदेखि जारी तनाव अन्त्य गर्न आइतबार पाँच बुँदे सहमति भएको छ।

जिल्ला प्रशासन कार्यालय पर्सामा दिनभर भएको दुई पक्षीय, सर्वपक्षीय र सर्वदलीय छलफलपछि साँझ पाँच बुँदे सहमति भएको हो। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको पहल र सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा भएको छलफलमा वीरगञ्जमा हनुमान जयन्तीको अवसरमा शनिबार निकालिएको शोभायात्राका क्रममा भएको झडपको घटनामा संलग्न दोषीहरुलाई वैशाख ३ गतेभित्र पक्राउ गरी कारबाही गर्ने, अन्तर धार्मिक/साम्प्रादायिक सद्भाव र सहिष्णुता कायम राख्नका लागि सबै पक्ष पूर्ण प्रतिवद्ध रही कानुनी कारबाहीको प्रक्रियामा सहयोग पुऱ्याउने सहमति भएको छ।

त्यस्तै घाइते भएकाहरुको निःशुल्क उपचारको व्यवस्था गर्ने, तोडफोड र आगजनीबाट भएका भौतिक क्षतिको क्षतिपुर्तिका लागि प्रशासनले पहल गर्ने, वीरगञ्जमा अब आयोजना हुने धार्मिक एवं सांस्कृतिक सम्बन्धि कुनै पनि जात्रा, पर्व, कार्यक्रममा हातहतियारको प्रदर्शन नगर्ने सहमति पनि भएको छ।

यसैगरि वीरगञ्जसहित पर्सा जिल्लामा सञ्चालित सबै धर्मका धार्मिक संस्था र ती संस्थाबाट सञ्चालित मदरसा र विद्यालयहरुमा सुक्ष्म अनुगमन गरेर अन्यथा देखिएमा कारबाहीको दायरमा ल्याउने लिखित सहमति गरिएको प्रमुख जिल्ला अधिकारी अर्यालले बताएका छन्।

उक्त पाँच बुँदे सहमतिपत्रमा उल्लेख पाँच वटै बुदाँप्रति जिल्लामा सक्रिय सबै राजनीतिक दलका नेता, हिन्दु र मुस्लिम समुदायका अगुवाहरुले हस्ताक्षर गरेको अर्यालले बताए।

'शनिबार बेलुकीदेखि वीरगञ्जमा लगाइएको कर्फ्यु भने आइतबार राति १२ बजेसम्म निरन्तर रहने छ, त्यसपछिका लागि भने जिल्ला सुरक्षाको समितिको बैठक बसेर आवश्यक निर्णय गरिने छ।

झडपको क्रममा वीरगञ्जमा ८ भन्दा बढी मोटरसाइकलमा आगजनी गरिएको थियो। घटनामा सुरक्षाकर्मी सहित ३ दर्जन प्रदर्शनकारी र सर्वसाधारण घाइते भएका थिए।

## प्रदेश सभाको अधिवेशन समाप्त

# छानबिन समिति अलपत्र, सभामुख राजधानी तर्फ

**टुडे समाचारदता**

जनकपुरधाम। मधेश प्रदेश सभाको हिउँदे अधिवेशन आइतबारदेखि समाप्त भएको छ।

मधेश प्रदेश सभाको अधिवेशन समाप्त भएको सूचना प्रदेश प्रमुखको कार्यालयले जारी गरेको छ।

अधिवेशन अन्त्य भएसँगै प्रदेश सभाको बैठकले बनाउने संसदीय छानबिन समिति अलपत्र परेको छ। सभामुख रामचन्द्र मण्डलले चैत ३० गते नै समितिको घोषणा गर्ने बताएका थिए। तर ३१ गते सम्म समितिको विषयमा प्रदेश सभा सचिवालय अनभिज्ञ छ।

प्रदेश सभाको चैत २६ गते बसेको बैठककै दिन सभामुख मण्डलले छानबिन समितिको गठन गर्ने बताएका थिए। उनले २७ गते संसदीय छानबिन गठनका लागि निर्देशन दिएका थिए। तर हालसम्म त्यसको कार्यान्वयन भएको छैन।

विपक्षी दलहरुले छानबिन समितिमा रहने सदस्यहरुको नाम प्रदेश सभा सचिवालयलाई उपलब्ध गराइसकेको छ। जनता समाजवादी पार्टी(जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवले छानबिन समितिका लागि सदस्यको नाम उपलब्ध गराइसकेको बताएका छन्। 'सभामुखको निर्देशानुसार विपक्षी दलहरुले सदस्यका लागि नाम उपलब्ध गराइसकेको छ' उनले भने, सभामुखजीले ३० गते नै समिति गठन हुने बताउनु भएको थियो। तर त्यसबारे कुनै जानकारी आएको छैन।

नेपाली कांग्रेसका प्रमुख सचेतक कुमर कान्त झाले आफ्नो दलबाट नाम हालसम्म नपठाइएको बताए। 'सत्तासीन दलहरुको तर्फबाट सदस्यहरुको नाम सिफारिस भएको छैन' उनले भने, सबै दलबाट नाम गएपछि छानविन समिति गठन हुनेछ।

नेकपा माओवादी केन्द्रका दलका नेता भरतप्रसाद साहले समिति गठनमा छलछाम नहुनुपर्ने बताए। 'सभामुखजीले नै निर्देशन जारी गरिसक्नु भएको छ' उनले भने, सर्वदलीय सहमति कार्यान्वयन नहुँदा सभामुखमाथि समेत प्रश्न उठ्न सक्छ।




मधेश प्रदेश सभाका सचिव बासु कोइरालाले सभामुखबाट नै समन्वयको कार्य भइरहेको बताउँदै त्यसबारे आफूलाई जानकारी नभएको जनाए।

सचिव कोइरालाले भने, 'संसदीय छानबिन समिति गठनको अधिकार सभामुखजीलाई नै रहेको छ' उनले भने, त्यसकारण आफूलाई विशेष जानकारी भएको छैन। तर छानविन समिति गठन भए पनि आपूलाई जानकारी छैन।'

विपक्षीहरुले संसदीय छानबिन समिति गठन गर्न माग गरेपछि सरकार र सभामुख मिलेर प्रदेश सभाको बैठक नै अनिश्चितकालका लागि स्थगन गरेका थिए।

तर प्रधानमन्त्री केपी शर्मा ओलीले चैत २६ गते प्रदेश सभाको बैठक सम्बोधन गर्ने कार्यक्रम निर्धारण भएपछि संसदीय छानबिन समिति गठनका लागि सर्वदलीय सहमति जुटेको थियो।

हुन त अब प्रदेश सभाको छानबिन समितिको खासै औचित्य नरहेको कानुन व्यवसायीलगायत सभासदहरुले बताउन थालेका छन्। भ्रष्टाचारजन्य क्रियाकलाप भएकाले सोझै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्नुपर्ने विषय भएको उनीहरुको कथन छ।

विगतमा पनि प्रदेश सभाले छानबिन समिति गठन गरी त्यसको प्रतिवेदनलाई प्रदेश सभाको बैठकले पारित गरे पनि कुनै कारबाही भएको छैन।

'समितिको प्रतिवेदनलाई कारबाहीको आधार बनाउन सकिए पनि त्यसमा उल्लेख भएको विवरण तथ्यपरक नहुन सक्छ' अधिवक्ता दीपक केसीले भने, भ्रष्टाचार सम्बन्ध विषयमा सम्बन्धित निकायले अनुसन्धान नै गर्नुपर्छ।

मधेश प्रदेश सभामा भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादव समेत केही पूर्वमन्त्रीहरुले चालु आर्थिक वर्षमा योजनाहरु विक्री भएको यथार्थ बताएका हुन्।


मन्त्री यादवका अनुसार सबै मन्त्री र सभासदहरुले योजना लिएका छन्।

प्रदेश सभाले गठन गर्ने छानविन समिति भ्रष्टाचारजन्य अपराधको ढाकछोप गर्न सक्ने आशंका पनि व्यक्त गर्न थालिएको छ।

हुन त अख्तियारले मधेश प्रदेशको आठवटै जिल्ला पूर्वाधार विकास कार्यालयबाट योजना सम्बन्धी सम्पूर्ण कागजातहरु झिकाएको छ।

पूर्वाधार विकास कार्यालयका प्रमुखहरुबाट हस्ताक्षर गराएर उपभोक्ता समिति गठन गर्ने सम्पूर्ण पत्र मन्त्री यादवले आफैँ लगेर विक्री गरेको आरोप छ। कार्यालय प्रमुखहरुले पनि योजनाहरुको पत्र मन्त्रीले लगेको बताइसकेका छन्।

अख्तियारले कागजातहरु नियन्त्रणमा लिएकाले अनुसन्धान भइरहेको बताइन्छ। छानबिनका लागि प्रदेश सभाको समिति भन्दा अख्तियारबाट हुन पूर्वमुख्यमन्त्री सरोज कुमार यादवले बताएका छन्।






# लहानमा सलहेश फूलबारी मेलाको रौनक



सिरहा । नयाँ वर्षका दिन मात्र फुल्ने सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न लहान नगरपालिकास्थित सलहेश फूलबारीमा मेलाको रौनक छाएको छ। यो फूलबारी नौ बिघा क्षेत्रफलमा फैलिएको छ।

वैशाख १ गते लाग्ने मेलाको पूर्वसन्ध्यामा आइतबार अपराह्नदेखि नै फूलबारीमा श्रद्धालुहरुको चहलपहल बढेको छ। मेला समितिका अध्यक्ष जयकान्त चौधरीका अनुसार सोमबार वैशाख १ गते लाग्ने मेलाको सम्पूर्ण तयारी पूरा भएको छ।

उहाँले भन्नुभयो, "मेलालाई व्यवस्थित बनाउन स्वयम्सेवक खटाउने, व्यापारिक 'स्टल'हरु बनाउने सहज रुपमा श्रद्धालुलाई पूजास्थलसम्म पुग्ने प्रबन्ध गरिएको छ । मेलालाई व्यवस्थित गर्न सय जना स्वयम्सेवक खटाइएको छ भने भीडलाई व्यवस्थित गर्न स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरिएको छ। "मेला भर्न नेपाल तथा भारतबाट हजारौँ श्रद्धालु आउने गरेका छन् । दुई दिनअघिदेखि भारतका विभिन्न राज्यबाट आउने हजारौँ श्रद्धालु मेलास्थलमा नै बसेका छन् ।

प्राकृतिक, सांस्कृतिक एवं धार्मिक पर्यटकीय सलहेश फूलबारी क्षेत्र लहान बजारदेखि चार किलोमिटर पश्चिम-दक्षिणमा पर्दछ । सहलेश मन्दिरका पुजारी जीतेन्द्र धामीका अनुसार १४ औँ शताब्दीका राजा सलहेसको सौर्य, पराक्रम, वीरता, साहस र प्रेमसँग गाँसिएका गाथाहरुको सम्झनास्वरुप यहाँ प्रत्येक वर्ष वैशाख १ गते मेला आयोजना हुने गरेको छ । यहाँ नयाँ वर्षको एक दिनमात्र हारमको रुखमा सुनाखरी फूल फुल्ने र सोही दिन साँझ परेसँगै ओइलाउने किम्वदन्ती छ । त्यही फूल हेर्न तथा मन्दिरमा पूजापाठ गर्न धार्मिक पर्यटक आउने गरेका छन्।

राजा सलहेश तराईका पासवान जातिको इष्टदेव रहेको र तेह्रौँ शताब्दीका लोकनायक भएकाले सलहेशको पूजाअर्चना गर्नाले सन्तानप्राप्ति, चर्मरोग, कुष्ठरोगलगायत रोग नाश हुने जनविश्वास छ । सरकारले सहलेसलाई धार्मिक पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरिसकेको छ। रासस

# मधेश प्रदेशमा २ गते सार्वजनिक विदा




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले जुड़ शितलको अवसरमा सार्वजनिक विदा दिएको छ ।

गृह संचार तथा कानुन मन्त्रालयले आइतबार एक सूचना जारी गर्दै मधेश प्रदेशमा मनाइने जुड़ (सिरुवा पर्वलाई लिएर वैशाख २ गते सार्वजनिक विदा दिएको जनाएको छ। २०८१ चैत २२ गते २०८२ सालमा दिइने थप विदा सम्बन्धि प्रकाशित राजपत्र बमोजिम प्रदेश सरकारले वैशाख २ गते सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

मधेश प्रदेशमा प्रत्येक वर्ष वैशाख २ गत्ते धुमधामका साथ जुड शितल मनाइन्छ । यस क्षेत्रमा ठूलाबडा संग वासी जलले जुडाएर आर्शिवाद लिनुका साथै हिलो खेल्ने परम्परा छ ।

# पेस्तोलसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजदेवी नगरपालिका-८ स्थित लक्ष्मीपुर बेलबिछवा नाकाबाट सशस्त्र प्रहरीले गाजा र हतियारसहित एकजना भारतीयलाई पक्राउ गरेको छ।

भारतको बिहार सीतामढी जिल्ला बैरगनिया थाना क्षेत्रअन्तर्गत ग्राम पञ्चायत नन्दबारा गाउँका २३ वर्षीय किसन कुमारलाई पेस्तोल र लागूऔषधसहित पक्राउ गरिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी सन्तोषकुमार बस्नेतले जानकारी दिए।

लक्ष्मीपुर बेलबिछवा नाकास्थित जैसवाल मदिरा पसलअगाडि मदिरा सेवन गरी झगडा गरेको सूचना पाएर पुगेको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट लक्ष्मीपुरको गस्ती टोलीले पेस्तोलसहित भारतीय नागरिक किशनलाई पक्राउ गरेको छ।

किसनको साथबाट एकथान अटोमेटिक पेस्तोल, प्रतिबन्धित लागूऔषध कोरेक्स सिरप ३ थान, नाइट्रोभेट ५ ट्याब्लेट र एउटा मोबाइल बरामद भएको एसपी बस्नेतले जानकारी दिए। पक्राउ परेका भारतीय किशनलाई थप अनुसन्धान र आवश्यक कारबाहीका लागि आइतबार जिल्ला प्रहरी कार्यालय, गौरमा बुझाएको रौतहट सशस्त्र प्रहरीले जनाएको छ।



# एमाले सिरहाको अध्यक्षमा अशोक यादव सर्वसम्मत



**टुडे समाचारदाता**

लहान । नेकपा एमाले सिरहाको ११औँ अधिवेशनबाट अध्यक्षमा अशोक यादव सर्वसम्मत निर्वाचित भएका छन्।

तीनदिन चल्ने भनिएको अधिवेशनको आइतबार पाँचौ दिन सर्वसम्मत १३५ सदस्यीय जिल्ला कार्यसमिति घोषणा गरिएको छ।

नवनिर्वाचित अध्यक्षमा अशोक यादव, उपाध्यक्षमा डा. नवीन यादव, सचिवमा प्रदीप महासेठ, सहसचिवमा शिवशंकर महतो र खेमलक्ष्मी श्रेष्ठ रहेका छन्।

अध्यक्षमा सर्वसम्मत यादव पार्टी सचिव रघुवीर महासेठ समूहका हुन्। उनी मधेश प्रदेशका पूर्वसांसदसमेत छन्।

उपाध्यक्ष डा. नवीन सिरहा नगरपालिकाका मेयर हुन्। उनी कुनै समूहमा खुलेका छैनन् । यद्यपि उनी रघुवीर महासेठ निकट रहेको स्रोतको दाबी रहेको छ।

सहसचिव महतो पनि रघुवीर महासेठ समूहकै छन् । उनी धनगढीमाई नगरपालिकाका मेयरसमेत छन्।

पदाधिकारीहरुमध्ये सचिव प्रदीप महासेठ र सहसचिव खेमलक्ष्मी श्रेष्ठ पार्टीका स्थायी कमिटी सदस्य तथा मधेश प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठ निकटका रहेका छन्।

सिरहा नेता श्रेष्ठको गृहजिल्ला रहे पनि उनले जिल्लामा पार्टीभित्र वर्चश्व कायम भने राख्न सकेनन् । सिरहामा नेता महासेठले अध्यक्षसहित बहुमत सदस्य सर्वसम्मत गराएर मधेश इन्चार्ज श्रेष्ठलाई ठूलो झड्का दिएको चर्चा हुन थालेको छ।

नेता श्रेष्ठले सर्वसम्मतको नाममा आफू निकट रामविलास साहलाई अध्यक्ष बनाउने कसरत गरे पनि नेता महासेठ समूहले निर्वाचनमा जाने अडान छाडेका छैनन्।

निर्वाचनमा पराजित हुने अवस्था देखिएपछि नेता श्रेष्ठले अन्ततः सचिव र एउटा सहसचिवमा चित्त बुझाएको एक नेताले बताएका छन्।

# वर्षान्त २०८१: गतिमा ऊर्जा क्षेत्र

काठमाण्डु । मुलुकको आर्थिक विकासको प्रमुख आधारका रूपमा स्थापित ऊर्जा क्षेत्रमा यस वर्ष केही महत्त्वपूर्ण प्रगति भएका छन् । सन् २०३५ सम्म कुल २८ हजार ५०० मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखिएको महत्वाकाङ्क्षी ' ऊर्जा मार्गचित्र'लाई कार्यान्वयनमा ल्याइएको छ । नेपालको ऊर्जा क्षेत्रको विकासका लागि महत्त्वपूर्ण मानिएको सो मार्गचित्रमा आन्तरिक खपत र बाह्य बिक्रीको मात्रासमेत स्पष्ट रूपमा उल्लेख गरिएको छ।

पहिलोपटक नेपालको बिजुली बङ्गलादेश पुगेको छ । 'टोकन'कै रूपमा भए पनि भारतीय प्रसारण सञ्जालको प्रयोग गरेर ४० मेगावाट बिजुली बङ्गलादेश पुर्याइएको हो।

सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका केही महत्त्वपूर्ण योजना भने सुरु हुनसकेको छैन । बुढीगण्डकी, नलगाड, माथिल्लो अरुण, दूधकोशीजस्ता ठूला आयोजना सुरु गर्ने लक्ष्य राखिए पनि कार्यान्वयनमा जानसकेको छैन। यसबीचमा नेपाल विद्युत् प्राधिकरणको नेतृत्व परिवर्तन भएको छ। लामो समयदेखि सुल्झन नसकेको डेडिकेटेड र ट्रङ्कलाइनको महसुल विवाद निरुपण हुने दिशामा अग्रसर छ। सोही विवाद समाधानका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल नेतृत्वको समितिले तयार पारेको प्रतिवेदन सार्वजनिक भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतका राष्ट्रिय गौरवका आयोजनाको प्रगति उल्लेखीय नभए पनि सन्तोषजनक छ। नदी पथान्तरण आयोजनाका रूपमा रहेको भेरी बबई डाइभर्सन आयोजनाको प्रगति यस वर्ष अपेक्षित देखिएको छ। सुनकोसी मरिण डाइभर्सन आयोजनाको सुरुङ निर्माण सम्पन्न भए पनि बाँधस्थल र विद्युत्गृहको काम खास अर्थमा अगाडि बढ्न नसकेको गुनासो छ।

यस वर्ष मन्त्रालयले सार्वजनिक निजी साझेदारीमा प्रसारण लाइन निर्माण गर्नेगरी प्रक्रिया अगाडि बढाएको छ । जनताको जलविद्युत् कार्यक्रममार्फत गरिब तथा विपन्न वर्गका नागरिकलाई बिनाधितो सहुलियत दरमा रु दुई लाखदेखि पाँच लाखसम्मको सेयर प्रदान गर्ने नीतिगत व्यवस्था गरिएको छ। लामो समयदेखि पछाडि परेको नारायणी नदीपारि सुस्तामा ११ केभी लाइनमार्फत राष्ट्रिय ग्रिड विस्तार गरी विद्युतीकरण भएको छ।



त्रिशूली थ्री बी हब सबस्टेशन तथा चिलिमे २२० केभी लाइन निर्माण सम्पन्न भएको छ। त्यसबाट रसुवागढी, साञ्जेन आयोजनाबाट उत्पादित बिजुली राष्ट्रिय प्रणालीमा जोडिएको छ। गत असोज ११ र १२ को बाढीले क्षति पुर्याएको आयोजना पुनर्निर्माण एवं विद्युत् उत्पादन तथा प्रसारण प्रणालीको मर्मतसम्भार गरी विद्युत् प्रणाली तन्दुरुस्त बनेका छन्। बाढीको चपेटामा परेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना पनि पुनर्निर्माण भइ बिजुली उत्पादन भइरहेको छ।

विद्युत् नियमन आयोगको कामलाई थप प्रभावकारी बनाइएको छ । अनलाइन प्रणालीका रूपमा 'डकुमेन्ट म्यानेजमेन्ट सिस्टम' लागू भएको छ। विद्युत् विधेयक, जलस्रोत विधेयक र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयकसमेत संसदीय प्रक्रियामा अगाडि बढेका छन्।

लामो समयदेखि रोकिएको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) खोलिएको छभने वित्तीय व्यवस्थापन सम्पन्न गर्ने अवधि थप गरी सकारात्मक पहलकदमी लिइएको छ। जनताको जलविद्युत् कार्यक्रमलाई थप परिमार्जन गरी अगाडि बढाइएको छ। यसबीचमा रानी-जमरा-कुलरिया सिँचाइ आयोजनामार्फत १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा पुर्याइएको छ । सोही आयोजनामा चार दशमलव ७१ मेगावाट बिजुलीसमेत उत्पादन भएको छ।

सौर्य विद्युत् आयोजनाको अनुमतिपत्र जारी गर्न स्थानीय सरकारको सिफारिस मात्र भए पुग्ने नीतिगत प्रबन्ध गरिएको छ। औद्योगिक क्षेत्रमा थप बिजुलीको प्रबन्धदेखि नेपालको ऊर्जा क्षेत्रमा लगानीका लागि कूटनीतिक पहल तथा प्रयासमार्फत थप वातावरण बनाउने काम यसबीचमा भएका छन्।

**बङ्गलादेश बिजुली निर्यात**

लामो कूटनीतिक प्रयासपछि गत कात्तिक ३० गते नेपालबाट भारतीय ग्रिडमार्फत बङ्गलादेशमा ४० मेगावाट विद्युत् प्रवाहको ऐतिहासिक उद्घाटन भर्चुअल माध्यमबाट भएको थियो।

नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, भारत सरकारका विद्युत्मन्त्री माननीय मनोहर लाल र बङ्गलादेश सरकारका ऊर्जा, विद्युत् तथा खनिज मन्त्रालयका सल्लाहकार मुहम्मद फौजुल कबिर खानले संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो । ढल्केवर-मुज्ज़फ़रपुर ४०० केभी क्षमताको अन्तरदेशीय प्रसारण लाइनमार्फत भारतीय ग्रिड र बहरामपुर ( भारत)-भेरामारा (बङ्गलादेश) अन्तरदेशीय प्रसारण लाइन हुँदै उक्त ४०० मेगावाट विद्युत् प्रवाह गरिएको थियो।

नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपीसी विद्युत् व्यापार निगम लिमिटेडबीच सन् २०२४ अक्टोबर ३ मा विद्युत् खरिद बिक्रीसम्बन्धी त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको थियो।

सोही सम्झौताअनुसार नेपालले उत्पादन गरेको विद्युत् भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश पठाइएको हो। रासस

# धनुषा एमालेको जिल्ला अधिवेशन अन्योल

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एमालेले अझैसम्म पनि धनुषा र अछाम जिल्लामा जिल्ला अधिवेशन गराउन नसक्दा कार्यकर्ताहरु अन्योला छन्। ७७ मध्ये नेकपा एमालेका २ वटा जिल्ला अधिवेशन गर्न नसक्दा अन्योलता उत्पन्न भएको छ। पछिल्लो समय सिराहा र सप्तरीको जिल्ला वैशाख १२, १३ र १४ गते निर्धारण भएको बताए। ७७ मध्ये सप्तरी, सिराहा, धनुषा र अछाम गरी चारवटा जिल्ला कमिटीले म्याद गुजारेका छन्। यसमध्ये धनुषा र अछाम जिल्लामा अधिवेशनको सुनिश्चितता हुन सकेको छैन।


सिराहा जिल्लाको अधिवेशन शनिबार सकिँदा सप्तरीको शनिबार नै शुरु भएको अधिवेशन भएसँगै अव धनुषा र अछाम जिल्ला अधिवेशन बाँकी रहेको एमाले केन्द्रीय निर्वाचन आयोगका प्रमुख विजय सुब्बाले जनाए।



उनले धनुषा जिल्लाको अधिवेशन वैशाख २० लाई तोकिएको छ भने अछाममा थियो। सिराहामा अशोक यादवको नेतृत्वमा त्यहाँ १३५ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको निर्वाचन आयोग प्रमुख सुब्बाले बताए।

नेकपा एमालेले २०८१ को सुरुबाटै जिल्ला अधिवेशन गर्न शुरु गरेको थियो।

# प्रमुख प्रशासकीय अधिकृतविरुद्ध जनप्रतिनिधि



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनौजी गाउँपालिकाका उपाध्यक्ष रामवती देवी मण्डलसहित सात जना कार्यपालिका सदस्यहरू प्रमुख प्रशासकीय अधिकृत सन्तोष कुमार शर्मालाई तत्काल हटाउनका लागि पहल थालेका छन्।

उनीहरूले धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार साहलाई बुझाइएको निवेदनमार्फत शर्माको विगतको कार्यशैली र व्यवहारप्रति गम्भीर असन्तुष्टि जनाउँदै, आर्थिक अनियमितताको आरोपसमेत लगाएका छन्। कार्यपालिका सदस्यहरूको दाबी अनुसार प्रमुख प्रशासकीय अधिकृत शर्माले विभिन्न शीर्षकमा रकम हिनामिना गरेका छन् भने सो खर्च प्रतिवेदनबाट स्पष्ट देखिएको उनीहरुको दाबी रहेको छ।

सो निदेवदनमा लेखिएको छ, "हामीले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सुधार नआएको र अझ अनियमितता बढ्दै गएको देखिएकोले उहाँको तत्काल सरुवा आवश्यक देखिएको हो ।" सो निवेदनको बोधार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँमा समेत पठाइएको जनाइएको छ।

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | काममा राम्रै फाइदाको योग रहेकोछ। |
| वृष : | नयाँ कामको थालनी गर्ने मौका मिल्नेछ । साथीभाईसंगको रमाइलो भेटघाटमा मन खुसि रहनेछ। |
| मिथुन : | काममा लगानी बढाउने समय छ। |
| कर्कट : | साथीभाईसंगको सम्बन्धमा सुधार आउनेछ। |
| सिंह : | प्रतिष्ठित काम गर्ने मौका छ। अरूलाई प्रभावित पारेर काम लिन सकिने छ। |
| कन्या : | सहयोगीहरूले राम्रो साथ दिनेछन्। |
| तुला : | बिना प्रतिस्पर्धा फाइदा हुने समय छ। |
| वृश्चिक : | विशेष सभा समारोहमा सहभागी बन्ने मौका छ। |
| धनु : | नयाँ कामको प्रस्ताव आउनेछ। पहिलो भेटमा नै धेरैले सहयोग गर्नेछन्। |
| मकर : | सोचेको आटेको काममा सफलता मिल्नेछ। |
| कुम्भ: | साथीभाई र आफन्तको सहयोगबाट प्रशस्त लाभ उठाउन सकिनेछ। |
| मीन : | शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नारायणी अस्पतालमा शनिबार राति उपचाररत नेपाल प्रहरी र सशस्त्र प्रहरी। हनुमान् जन्मोत्सवका अवसरमा हिजो दुई समुदायबीच वीरगञ्जको छपकैयाँमा झडप हुँदा सुरक्षाकर्मीहरु र सर्वसाधारण घाइते भएका थिए । *तस्बिरःरासस*

# वर्ष २०८१: स्वास्थ्य क्षेत्रमा उपलब्धि, विवाद र क्षति

काठमाण्डु । विसं २०८१ मा स्वास्थ्य क्षेत्रले केही उपलब्धि, विवाद र वैदेशिक सहायता अनुदान कटौतीको असर बेहोर्नुपर्‍यो । यस वर्ष स्वास्थ्य बिमाको चर्चासँगै वरिष्ठलाई पन्छाएर कनिष्ठलाई स्वास्थ्य सचिव नियुक्ति गरिएको विषय विवादमा रूपमा देखियो। पाठेघरको मुखको क्यान्सरविरुद्ध प्रयोग हुने ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोपको उपलब्धता र जडीबुटी कम्पनीमा आगजनीलगायत घटनाले यस वर्ष चर्चा पाएका हुन् ।

पूर्वराजा सर्मथकको प्रदर्शनमा भौतिक पूर्वाधारमा ठूलो क्षति हुँदा औषधि उत्पादन ठप्प हुने अवस्था सिर्जना भएको छ । अर्कोतर्फ वैदेशिक सहायता रोकिँदा आधारभूत स्वास्थ्य सेवाबाट विकट गाउँका महिला तथा बालबालिका प्रभावित भएका छन् । यी असहजताका बीच पनि स्वास्थ्य क्षेत्रले यो वर्ष पाएका केही उपलब्धि हासिल गरेको छ ।

**करिब १७ लाख किशोरीले लगाए एचपिभी खोप**

पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने 'एचपिभी खोप' अभियान आगामी वर्षदेखि नियमित तालिकामा समावेश गरी सञ्चालन गरिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यो यस वर्ष महत्त्वपूर्ण उपलब्धि हो । मन्त्रालयले गत माघ २२ देखि फागुन ६ गतेसम्म एचपिभी खोप अभियान सञ्चालन गरेको थियो । उक्त अभियानमा करिब १७ लाख किशोरी लाभान्वित भएका छन् ।

महिलाहरूमा हुने क्यान्सरमध्ये नेपालमा यो पहिलो स्थानमा र विश्वमा चौथो स्थानमा छ । नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चारजना महिलाको मृत्यु भइरहेको तथ्याङ्क छ ।

**स्वास्थ्य बिमा प्रतिवेदनले देखाएको बाटो**

स्तरीय स्वास्थ्य सेवालाई जनताको पहुँचसम्म पुर्‍याउनका लागि सरकारले स्वास्थ्य बिमा कार्यक्रम सुरु गरे पनि विभिन्न समयमा यसको दिगोपनमा प्रश्न उठिरहन्छ । स्वास्थ्य बिमा बोर्डको संरचना र कार्यप्रणालीमा नयाँपन ल्याउन नसके स्वास्थ्य बिमा समस्या बल्झिइरहने जानकारहरू बताउँछन् ।

स्वास्थ्य बिमा लागू भएको १० वर्षमा २० प्रतिशत मात्र नागरिक यसमा आबद्ध छन् । हालै सार्वजनिक गरिएको स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदनले स्वास्थ्य बिमा कार्यक्रमलाई सुधार गर्नसक्ने प्रशस्त मार्ग देखाएको छ ।

घातक रोग लाग्दा अहिलेको सुविधा थैलीले धान्ने अवस्था नरहेकाले व्यक्तिको तिर्न सक्ने क्षमताको आधारमा प्रिमियम र सह भुक्तानीको समेत व्यवस्था गरी सुविधाको थैली कम्तीमा रु पाँच लाख पुर्‍याउनुपर्ने सुझाव दिइएको छ । स्वास्थ्य बिमाको पुनर्संरचना र नामकरण, बोर्डलाई आधुनिक सूचना प्रणालीको प्रयोगमार्फत पूर्ण स्वचालित बनाउने, सुविधा थैलीको दायरा फराकिलो बनाउनेलगायत सुझाव कार्यदलको प्रतिवेदनमा उल्लेख गरिएका छन् ।

स्वास्थ्य बिमामा आमनागरिकलाई अनिवार्य आबद्ध गर्ने र सरकारी कर्मचारी तथा सङ्गठित क्षेत्रका कामदारलाई सरकारबाट निर्णय गराई स्वास्थ्य बिमामा आबद्ध गर्ने भनिएको छ । हालै बोर्डका कार्यकारी निर्देशकमा डा रघुराज काफ्ले र अध्यक्षमा चन्द्रबहादुर थापा क्षेत्री नियुक्त हुनुभएको छ । उहाँहरूबाट बिमाका क्षेत्रमा उल्लेख्य सुधार आउने अपेक्षा गर्न सकिन्छ ।


**सुर्तीजन्य पदार्थको बट्टामा अनिवार्य शतप्रतिशत घातक चित्र**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आगामी भदौ १ गतेदेखि सुर्तीजन्य पदार्थको बट्टामा अनिवार्य रूपमा सतप्रतिशत घातक चित्र छाप्नुपर्ने नियम ल्याएको छ ।

यसअघि भएको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश छाप्नुपर्ने व्यवस्थामा संशोधन गर्दै 'सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका, २०८१' स्वीकृत गर्दै चेतावनीमूलक सन्देश र घातक रङ्गीन चित्र नभएका सुर्तीजन्य पदार्थ उत्पादन, बिक्री र खरिद गर्न नपाउने व्यवस्था गरिएको हो ।

**बालबालिकालाई क्यान्सरविरुद्ध औषधि**

नेपालले 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स' अन्तर्गत बालबालिकामा हुने क्यान्सरको उपचार गर्न पहिलो चरणमा एक वर्षका लागि तीन किसिमका अत्यावश्यक औषधि प्राप्त



गरेको छ । बालबालिकामा हुने क्यान्सरको उपचारका लागि भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर क्यान्सर अस्पतालमा ती औषधि उपलब्ध भएका हुन् ।

सम्झौताअनुसार आगामी पाँच वर्ष (सन् २०२५ देखि २०३० सम्म) का लागि क्यान्सर मेडिसिन्सले ३५ प्रकारका अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउनेछ । नेपालमा हरेक वर्ष करिब एक हजार ५०० बालबालिकामा क्यान्सर देखिने गरेको छ ।

**पक्षघातको औषधि वितरण**

सरकारले मस्तिष्क पक्षघात (ब्रेनस्ट्रोक) भएका नागरिकलाई निःशुल्क उपचार उपलब्ध गराउने भएको छ । अमेरिकी दातृ संस्था 'डाइरेक्ट रिलिफ'को सहयोग र नेपालको 'वन हर्ट वर्ल्डवाइड' को सहजीकरणमा मस्तिष्क पक्षघातका बिरामीलाई निःशुल्क उपचारसहित औषधि उपलब्ध गराउने भएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रारम्भिक चरणमा वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल र भरतपुर अस्पतालमा औषधि उपलब्ध हुने जनाएको छ ।

**जलन प्रभावितलाई निःशुल्क उपचार**

सरकारले जलन प्रभावित नागरिकको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ । कस्मेटिकबाहेकका जलनसम्बन्धी सम्पूर्ण समस्याको निःशुल्क उपचारको व्यवस्था गरिएको हो ।

**नेपाल औषधि लिमिटेडलाई जिएमपी प्रमाणपत्र**

नेपाल औषधि लिमिटेडले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार कुशल औषधि उत्पादन अभ्यास (जिएमपी) प्रमाणपत्र प्राप्त गरेको छ । लिमिटेडले सम्पूर्ण मापदण्ड पूरा गरेपछि स्थापना भएको पाँच दशकपछि औषधि व्यवस्था विभागबाट अन्तरराष्ट्रिय मान्यताको उक्त प्रमाणपत्र प्राप्त गरेको हो । प्रमाणपत्र प्राप्त भएसँगै कम्पनीलाई औषधि बिक्री, विदेशमा निर्यात र अन्तरराष्ट्रियस्तरमा हुने बोलपत्रमा सहभागी हुन मार्ग प्रशस्त भएको छ ।

हाल कम्पनीले ओरल रिहाइड्रेसन साल्ट (ओआरएस), ट्याबलेट र हेमोग्लोबिन फ्लुइड (पार्ट-१ र २) अन्तर्गत १४ किसिमका औषधि उत्पादन गरिरहेको जनाएको छ ।

**स्तन क्यान्सर वंशानुगत परीक्षण**

स्तन क्यान्सरको वंशानुगत परीक्षण (जिन सिक्वेन्सिङ) अब राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा सम्भव भएको छ । यसअघि उक्त परीक्षणका लागि देशबाहिर नमूना पठाउनुपर्ने बाध्यता थियो । यो परीक्षणले स्तन क्यान्सर वंशानुगत कारणले हुनसक्ने सम्भावना रहे/नरहेको पत्ता लगाउनेछ । सोही आधारमा प्रारम्भिक चरणमा उपचार गर्न सकिएमा स्तन क्यान्सरबाट पीडितलाई जोगाउन सकिने चिकित्सकहरूको भनाइ छ ।

**अर्धवार्षिक प्रगति विवरणमा स्वास्थ्य मन्त्रालय दोस्रो**

मन्त्रालय/निकायगत माइलस्टोनको अर्धवार्षिक प्रगति विवरणमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय दोस्रो स्थानमा छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सार्वजनिक गरेको गत पुससम्मको कार्यप्रगतिका आधारमा मन्त्रालय तथा निकायगत आधारमा तेस्रो तथा मन्त्रालयहरूबीचको मूल्याङ्कनमा स्वास्थ्य मन्त्रालय दोस्रो स्थानमा रहेको हो ।

सार्वजनिक विवरणअनुसार गत पुस मसान्तसम्ममा स्वास्थ्य मन्त्रालयले सम्पन्न गर्नुपर्ने ११ काममध्ये नौ वटा सम्पन्न गरिसकेको उल्लेख छ । यी प्रगतिका आधारमा कार्यालयले स्वास्थ्य मन्त्रालयलाई ८१ दशमलव आठ अङ्क प्रदान गरिएको हो । साथै चालु आवमा सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिमा समेत मन्त्रालयले ७० अङ्क प्राप्त गरेको छ ।

**जडीबुटी कम्पनीमा क्षति**

यही चैत १५ गते पूर्वराजा समर्थकले प्रदर्शनका क्रममा कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा आगजानी गर्दा करौडौँको क्षति भएको छ । गुड म्यानुफ्याक्चरिङ प्राक्टिस् (जिएमपी) सुविधासहित भवनमा क्षति पुग्नुका साथै आगजनीले औषधि उत्पादनमा प्रयोग हुने कच्चापदार्थ, उपकरण, प्याकेजिङका उपकरण, फर्निचर, कागजातगायत सामग्री जलेर नष्ट भएका हुन् । उक्त कम्पनीको पुनर्संरचना समयमा नगर्ने हो भने यसलाई पहिलाको अवस्थामा फर्काउन वर्षौं लाग्ने अनुमान गरिएको छ ।

**युएसएआइडीले सहयोग रोक्दा स्वास्थ्य क्षेत्रमा असर**

स्वास्थ्य क्षेत्रलाई यो वर्ष अमेरिकी सहयोग नियोग (युएसएआइडी) ले झट्का दिएको छ। युएसएआइडीले सहयोग रोकेपछि स्वास्थ्य क्षेत्रका कार्यक्रममा दीर्घकालीन असर पर्ने देखिन्छ। पोषण, खोप, नवजात तथा मातृशिशु स्वास्थ्य, प्रजनन स्वास्थ्यलगायत कार्यक्रमा प्रभाव पर्ने देखिएको हो ।
साथै यसले सन् २०३० सम्म दिगो विकास हासिल गर्ने लक्ष्यसमेत प्रभावित पार्नेछ । अमेरिकी सरकारले नेपालको स्वास्थ्य क्षेत्रमा वार्षिक ५ मिलियन डलर सहयोग गर्दै आएको थियो ।

नेपालको स्वास्थ्य क्षेत्र सुधारका लागि कूल बजेटको कम्तीमा १० प्रतिशत हिस्सा छुट्याउनुपर्छ भनेर विज्ञहरूले आवाज उठाउँदै आए पनि यो क्षेत्र प्राथमिकतामा पर्न सकेको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले स्वास्थ्यको बजेट सिलिङ घटेर आउँदा चुनौती थपिएको भन्दै यसलाई अवसरका रूपमा पनि लिइएको बताउनुभयो । अमेरिकी निकायको सहयोग रोकिँदा कार्यक्रम प्रभावित भए पनि प्राथमिकताका कार्यक्रम निरन्तर हुने उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "स्वास्थ्य क्षेत्रमा बजेटको कमी छ । कूल बजेटको १० प्रतिशत मात्रै यो क्षेत्रका लागि विनियोजन हुन्छ । बजेट बढाउने हो भने आधारभूत स्वास्थ्य र आकस्मिक स्वास्थ्य सेवाबाट कोही बञ्चित हुँदैनथे । हामी स्वास्थ्य बिमाको प्रतिवेदनको सुझाव पनि कार्यान्वयन गर्ने प्रयासरत छौँ ।" प्रवक्ता बुढाथोकीले लामो समयदेखि विचाराधीन तीन सय ९६ वटा आधारभूत अस्पतालको काममा समस्या देखिएको भन्दै यथाशीघ्र समाधान गर्ने उपाय खोजिने बताउनुभयो ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल सक्रिय मन्त्रीका रूपमा देखिनुभएको छ । 'काम गर्ने जोस् छ' भनेर कतिपयले खुसी व्यक्त गरेका छन् भने कतिपयले 'पुरानो कार्यक्रमको निरन्तरता र घोषणाबाजीमा समय बिताएको' भनेर नयाँ योजनासहित प्रभावकारी कदम चाल्नुपर्ने सुझाव दिएका छन् । रासस

# नयाँ वर्षमा पर्यटकीय गन्तव्यमा चहलपहल, व्यवसायी उत्साही

काठमाण्डु । नयाँ वर्ष २०८२ को आगमनसँगै मुलुकको पर्यटन क्षेत्रमा पर्यटकको चहलपहलका कारण उत्साह थपिएको छ। वसन्त ऋतुको आगमन र विद्यालयको वार्षिक शैक्षिक बिदाका कारण अभिभावक आफ्ना सन्ततिलाई लिएर आन्तरिक पर्यटन प्रवर्द्धनमा निस्किएका छन् भने सरकारी कर्मचारीको पनि वार्षिक बिदा सक्नुपर्ने भएकाले बिदामा पर्यटकीय गन्तव्यमा पुगेका छन् ।

जसका कारण पूर्वको पाथीभरादेखि पश्चिमको शैलेश्वरीसम्मका धार्मिकस्थलमा अहिले धार्मिक पर्यटकको चहलपहल बढेको छ । यसले पर्यटन प्रवर्द्धनसँगै मुलुकको अर्थतन्त्रसमेत चलायमान हुन पुगेको छ । मुलुकभित्रका प्रमुख पर्यटकीय गन्तव्यमा आन्तरिक पर्यटकको बाक्लो उपस्थिति रहेको छ ।

होटल सङ्घ नेपाल (हान) का अध्यक्ष विनायक शाहका अनुसार नयाँ वर्षको पूर्वसन्ध्यामा अधिकांश पर्यटकीय गन्तव्यमा पर्यटकको चहलपहल बढेको छ। "मुलुकभरका होटलहरुमा न्युनतम ३५ देखि झण्डै कुनै स्थानमा शतप्रतिशतसम्म अकुपेन्सी पुगेको छ। केही समय सुस्ताएको व्यवसायमा नयाँ आशा सञ्चार भएको छ ठमेल, पोखरा, सौराहा, लुम्बिनी, भैँडेटारलगायत क्षेत्रमा 'न्यू इअर इभ' कार्यक्रम आयोजना गरिएको छ, यसले पर्यटनलाई थप चलायमान बनाएको छ।"

देशका प्रमुख पर्यटकीय गन्तव्यस्थल पाथीभरा, इलाम, तीनजुरे, धरान, भेडेटार, वसन्तपुर, मकालु आधार शिविर, खुम्बु क्षेत्र, सगरमाथा आधारशिविर, लुक्ला, बराहक्षेत्र, बुढासुब्बा, हलेसी, दन्तकाली, केचनाकवल, छिन्नमस्ता, जनकपुरधाम र भरततालमासमेत धेरै सङ्ख्यामा पर्यटक पुगेका छन् ।

त्यस्तै, कालिञ्चोक, चरिकोट, शैलुङ, जिरी, पाँचपोखरी, हेलम्बु, पनौती, पलाञ्चोक भगवती, चितवन राष्ट्रिय निकुञ्ज, सौराहा, हेटौँडास्थित मदनभण्डारी पार्क, पालुङ, दामन, लाङ्टाङ, गोसाइँकुण्ड, नुवाकोट दरबार, बन्दीपुर, पोखरा, गोरखादरबार क्षेत्र, कपिलवस्तु, तिलौराकोट, रामग्राम, बुटवल पाल्ला, लुम्बिनी पर्यटकको प्रमुख गन्तव्य मानिन्छन् ।

बर्दिया राष्ट्रिय निकुञ्ज, ढोरपाटन, कर्णाली पुल, काँक्रे बिहार, बुलबुले ताल, शुक्लाफाँटा, दोधारा-चादनी झोलुङ्गे पुल, अपि सैपाल हिमाल, स्वर्गद्धारी, सुपादेउराली, बागलुङ कालिका, गलेश्वर, मुक्तिनाथ, लोमान्थाङ, दाङ, घोडाघोडी, धारापानी, शैलेश्वरी, बडिमालिका, राराताल, बागेश्वरी, स्वर्गद्धारी, रानीमल पछिल्लो समय पर्यटकको आकर्षणको केन्द्र बनेका छन् ।

पदयात्रा र पर्वतारोहणको उपयुक्त मौसम भएकाले विदेशी पर्यटक साहसिक पर्यटना लागि हिमाली क्षेत्रमा पुगिरहेका छन् । सगरमाथासहितका हिमाल आरोहण गर्न धेरै सङ्ख्यामा स्वदेशी र विदेशी आरोही आधारशिविर पुगेका छन् ।

सङ्घीय राजधानी काठमाडौं उपत्यका मात्रै नभइ देशका अधिकांश पर्यटकीय गन्तव्यमा पर्यटकहरुको भिडभाड छ । उपत्यकाको नगरकोट, धुलिखेल, लाकुरीभञ्ज्याङ, गोदावरी, चन्द्रागिरि, खुलेखानी, चित्लाङ, शिवपुरी, ककनी, जर्सिङपौवालगायत गन्तव्यमा आन्तरिक पर्यटकको भिडभाड छ । दक्षिणकाली, पशुपतिनाथ, स्वयभू, बौद्धनाथ, वसन्तपुर, पाटन र भक्तपुर दरबारक्षेत्रमा पर्यटकले भरिभराउ छन् । नगरकोटस्थित नगरकोट अलमस्ट होटलका नवीन गुरुङले आफ्नो होटलमा अकुपेन्सी शतप्रतिशत रहेको उल्लेख गर्दै अन्य होटलमा पनि राम्रो अकुपेन्सी भएको बताउनुभयो ।

**व्यवसायी उत्साहित**

नयाँ वर्षको अवसरमा पर्यटन राजधानी पोखराको पर्यटन चलायमान बनेको छ । तपापि आन्दोलनका कारण पर्यटकले केही बुकिङ् रद्ध गरेका छन् । नयाँ वर्षको सन्दर्भमा पोखरामा हरेक वर्ष तीन/चार दिन पर्यटक बढ्ने गरेको पोखरा पर्यटन विकास परिषद्का अध्यक्ष तारा पहरीले बताउनुभयो । "नयाँ वर्षमा पोखरामा दुईदेखि तीन दिन चहलपहल बढ्छ । विशेषगरी भारतीय र चिनियाँ पर्यटक बढी देखिएका छन्", उहाँले भन्नुभयो । उहाँका अनुसार पोखरा आसपासका गन्तव्य पर्यटकले भरिभराउ छन् । पर्यटकीय क्षेत्र लुम्बिनीमा पर्यटकको माहोल बढेको छ । पर्यटन राजधानी पोखरामा नयाँ वर्ष तथा महोत्सवले चहलपहल बढाएको छ । रेष्टुरेन्ट एण्ड बार एसोसिएसन (रेबान), पोखराका अध्यक्ष विश्वराज पौडेलका अनुसार यतिबेला अकुपेन्सी ७० प्रतिशतभन्दा बढी पुगेको छ ।

भैरहवास्थित सिद्धार्थ होटल सङ्घका अध्यक्ष सिपी श्रेष्ठका अनुसार उक्त क्षेत्रमा अकुपेन्सी ३५ प्रतिशतभन्दा बढी पुगेको छ । नयाँ वर्षको आगमनले पर्यटनलाई चलायमान बनाएको उहाँको भनाइ छ । "भैरहवाका होटलमा विशेषगरी भारतीय पर्यटकले भरिभराउ छन् । आन्तरिक पर्यटक पनि बढेका छन् । होटलहरुले विभिन्न छुट र अफर दिएका छन् । सङ्घका अनुसार भैरहवामा पाँचतारेदेखि पर्यटकस्तरका डेढसय भन्दा बढी होटल सञ्चालनमा छन् ।

पर्यटकीय नगरी सौराहामा पनि नयाँ वर्षको सन्दर्भमा पर्यटकको भिडभाड बढेको छ । रेस्टुरेन्ट एण्ड बार एशोसिएशन (रेवान) सौराहाका अध्यक्ष ध्रुव गिरीका अनुसार सौराहामा आन्तरिक र विदेशी पर्यटक उल्लेख्य सङ्ख्यामा पुगेका छन् । नयाँ वर्ष विभिन्न मेला महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा पुगेको उहाँले बताउनुभयो ।

क्षेत्रीय होटल संघ नेपाल चितवनका निवर्तमानअध्यक्ष गङ्गा गिरीका अनुसार चितवनका होटलमा रुम पाउने अवस्था छैन । "नयाँ वर्षमा होटलहरुको अकुपेन्सी शतप्रतिशत छ, तीन दिसम्मका लागि कुनै होटलमा रुम उपलब्ध छैनन्", उहाँले भन्नुभयो ।

ट्रेकिङ एजेन्सीज एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डे पनि नयाँ वर्ष पर्यटनमा आशा जगाउने वर्ष हुने भएकाले पर्यटन व्यवसायमा सकारात्मक उत्साह थपिएको बताउनुभयो। उहाँले भन्नुभयो,"आन्तरिक मात्र होइन विदेशी पर्यटक पनि उल्लेख्य सङ्ख्यामा आउने भएकाले पर्यटन व्यवसायीमा पनि हौसला बढेको छ।"

**बोर्डको सक्रियता**

पर्यटन क्षेत्र चलायमान बनिरहेको र आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटन आकर्षणका लागि बजारीकरणलाई प्राथमिकताकासाथ अगाडि बढाइएको नेपाल पर्यटन बोर्डले जनाएको छ । बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले बोर्डले आक्रामक रुपमा अन्तरराष्ट्रिय प्रवर्द्धनको कार्य गरिरहएको जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो पाँच महिनामा विदेशमा १७ वटा बिटुबी कार्यक्रम गरिएको छ ।

आन्तरिकतर्फ नेपाल इन्डिया चाइना एक्स्पो सम्पन्न भएको छ भने 'इस्ट टुरिजम मार्ट' सकिएको छ । सुदूपश्चिम मार्टको तयारी भइरहेको छ । अन्तरराष्ट्रिय बुद्धिस्ट ट्राभल मार्ट घोषणा गरिएको छ । नेपालका गन्तव्यमा विदेशी इन्फ्लुएन्सर, मिडियालाई भ्रमण गराएर पर्यटन प्रवर्द्धन गरिएको छ । बोर्डको तथ्याङ्कअनुसार सन् २०२३ मा ११ लाख ४७ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् । सन् २०२३ मा १० लाख १५ हजार पर्यटक नेपाल भित्रिएका थिए । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आइ दुई लाख ३० हजार ८५ सङ्ख्यामा खुम्चियो ।


त्यसैगरी २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए । हवाई पूर्वाधार र सडक सञ्जाल चुस्तदुरुस्त भएमा मात्रै यो लक्ष्य भेट्टाउन सहज हुन्छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालित छ । तर, भैरहवास्थित गौतमबुद्ध



अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रभावकारी रुपमा सञ्चालनमा आउन सकेका छैनन् । भलै ती दुई विमानस्थलमा अन्तरराष्ट्रिय उडान भने सञ्चालन भइरहेको छ ।

सडक सञ्जाल र हवाई सम्पर्क सञ्जाललाई प्रभावकारी बनाउन सकेको खण्डमा मुलुकको पर्यटनले फड्को मार्ने अध्यक्ष शाहको विश्वास छ। नेपाल एशोसिएशन अफ टुर्स एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) का अध्यक्ष कुमारमणि थपलियाले नयाँ वर्षले पर्यटनमा सकारात्मक ऊर्जा थपिएको बताउनुभयो। वर्ष २०८१ मा पर्यटन क्षेत्रमा अपेक्षा र निरासा दुबै मिश्रित रहेपनि आगामी वर्षमा पर्यटन क्षेत्रमा उत्साह थपिने उहाँको विश्वास छ । उहाँले भन्नुभयो,"भैरहवा विमानस्थलमा अन्तरराष्ट्रिय उडान भएको थियो,तर वर्षको उत्तरार्धमा उडान स्थगित भएको छ । महँगो हवाई सेवा भएको वर्षको रुपमा पनि लिन सकिन्छ, समग्रमा आशा मरेको छैन, नीतिगत फड्को मारेर परिणाम ल्याउनुपर्ने अपरिहार्यता छ।"

नयाँ वर्षको सन्दर्मा प्रमुख पर्यटकीय गन्तव्यमा भ्रमणवर्ष जस्ता कार्यक्रम आयोजना गरेर बढीभन्दा बढी पर्यटक आकर्षण गर्ने योजना छ । यसैसन्दर्भमा सन् २०२५ लाई पोखराले भ्रमणवर्षको रुपमा मनाएर २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

# 'सगरमाथा संवाद जलवायु न्यायका लागि हिमालको आवाज उठाउने अवसर'



सविन शर्मा

जलवायु परिवर्तन मानव सभ्यताको अस्तित्वमाथिको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखापरेको छ। यसको प्रत्यक्ष प्रभाव पृथ्वीका सबै भागमा परिरहेको छ। विशेषतः हिमाली क्षेत्रमा यसको प्रभाव अत्यन्त गम्भीर र दिगो खालको देखिन थालेको छ। यस्ता संवेदनशील क्षेत्रमा भइरहेको परिवर्तनले केवल जैविक विविधता र वातावरणलाई मात्र प्रभाव पारिरहेको छैन, यसले हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायको जीविकोपार्जन, संस्कृति र मानव अधिकारमासमेत गहिरो प्रभाव पारिरहेको छ।

यही सन्दर्भमा,सरकारले सन् २०२५ मे १६ देखि १८ सम्म (२०८२ साल जेठ २-४ गते) काठमाडौंमा आयोजना गर्न लागेको सगरमाथा संवाद एक ऐतिहासिक एवं विश्वसामू ध्यानाकर्षण गराउने प्रयास हो। यो कार्यक्रमले हिमालहरू, जलवायु परिवर्तन र मानवताको भविष्यबीचको सम्बन्धबारे विश्वस्तरीय बहस र सहकार्यलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ।

सगरमाथा संवादको अवधारणा सन् २०१९ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रस्ताव गरिएको थियो। नेपालले सगरमाथालाई केबल विश्वकै सर्वोच्च शिखरका रूपमा मात्र नभई जलवायु परिवर्तनविरुद्धको प्रतीकका रूपमा प्रस्तुत गर्दै, एक साझा अन्तरराष्ट्रिय संवादको थलोका रुपमा विकास गर्ने योजना अघि सारेको हो। सगरमाथा केबल एक भौगोलिक पहिचान नभई, विश्वभरिका मानिसहरूलाई जलवायु न्याय, सहअस्तित्व र दिगोपनप्रति प्रतिबद्ध गराउने प्रतीक बन्ने विश्वास गरिएको थियो। सुरुआतमा सन् २०२० मा पहिलो संस्करण आयोजना गर्ने योजना थियो, तर कोभिड-१९ महामारीका कारण कार्यक्रम स्थगित गरियो। पाँच वर्षपछि, सन् २०२५ लाई 'अन्तरराष्ट्रिय हिमनदी संरक्षण वर्ष' को रुपमा घोषणा गरिएका सन्दर्भ पारेर पहिलो सगरमाथा संवाद पुनःसुरु गर्ने निर्णय गरिएको हो।

सगरमाथा संवादको एक प्रमुख उद्देश्य भनेको हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारिरहेको गम्भीर र तीव्र प्रभावहरूबारे अन्तरराष्ट्रिय समुदायमा जागरुकता अभिवृद्धि गर्नु हो। सगरमाथा अर्थात् माउन्ट एभरेस्ट स्वयं जलवायु परिवर्तनका प्रत्यक्ष सङ्केत देखिएका स्थलहरूमध्ये एक हो। जहाँ हिउँ पग्लनु, हिमनदी सुक्नु, जैविक विविधता घट्नुजस्ता सङ्कट बढिरहेका छन्। संवादमार्फत नेपालले हिमाली क्षेत्रलाई विश्वको 'तेस्रो ध्रुव' का रूपमा प्रस्तुत गर्दै उच्च पहाडी भेगका लाखौं मानिसको जीवन, संस्कृतिको अस्तित्व र जल स्रोतको भविष्य जोखिममा परेको सन्देश विश्व समुदायसमक्ष पुऱ्याउने प्रयास गर्ने विश्वास लिइएको छ। यसले केवल वैज्ञानिक चिन्ता होइन, मानव अधिकार, खाद्य सुरक्षाजस्ता मुद्दासँगसमेत हिमाली क्षेत्रको सम्बन्धलाई जोड्दै जलवायु न्यायको नयाँ बहस सुरु गर्ने अपेक्षा गरिएको छ।

सगरमाथा संवादको मूल सार तिनै राष्ट्रहरूको आवाज बन्नु हो जसले विश्वव्यापी कार्बन उत्सर्जनमा न्यूनतम योगदान गरेका छन् तर जलवायु परिवर्तनका प्रभावहरू सर्वाधिक रूपमा भोगिरहेका छन्। नेपालजस्ता पहाडी र विकासोन्मुख मुलुकहरू, जसको औद्योगिक इतिहास न्यून छ, आज हिउँ पग्लन, बाढीपहिरो, खाद्य सङ्कट र जल स्रोतको असुरक्षाजस्ता समस्यासँग जुधिरहेका छन्। जलवायु न्यायको दृष्टिकोणले हेर्दा, यस्ता मुलुकहरूलाई क्षतिपूर्ति, प्राविधिक सहयोग र अनुकूलनमा विशेष प्राथमिकता दिनु अनिवार्य हुन्छ। सगरमाथा संवादले 'कम दोषी तर बढी पीडित' राष्ट्रहरूको आवाजलाई अन्तरराष्ट्रिय कूटनीतिक मञ्चमा पुऱ्याउने र तिनका हक, आवश्यकता र अधिकारको संरक्षणका लागि सशक्त एजेण्डा अघि सार्ने उद्देश्य राखेको छ। यो संवाद जलवायु न्यायको पक्षमा एक नैतिक र राजनीतिक अडानको रूपमा उभिन खोजेको छ।

सगरमाथा संवादको एक महत्वपूर्ण उद्देश्य भनेको जलवायु सङ्कटसँग जुझ्न विकासोन्मुख राष्ट्रहरूलाई आवश्यकपर्ने जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासका क्षेत्रमा अन्तरराष्ट्रिय सहकार्यलाई प्रवर्द्धन गर्नु हो। जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूसँग जुध्नका लागि स्रोत र प्रविधिको पहुँच अत्यावश्यक हुन्छ, जुन विशेषगरी साना, अल्पविकसित तथा हिमाली मुलुकहरूसँग सीमित मात्रामा पाइन्छ। सगरमाथा संवादले दातृ राष्ट्रहरू, अन्तरराष्ट्रिय वित्तीय संस्थाहरू, वैज्ञानिक समुदाय र बहुपक्षीय सहयोगकर्ता निकायहरूबीच सहकार्यको सेतु निर्माण गर्दै हरित वित्तको पहुँच, प्रविधिको निष्पक्ष हस्तान्तरण र स्थानीय जनशक्तिको क्षमता विकासमार्फत दिगो, समावेशी र न्यायपूर्ण समाधानतर्फ उन्मुख हुन आग्रह गर्दछ। यस्तो सहकार्यले नेपाललगायतका संवेदनशील मुलुकलाई जलवायु प्रतिरोधात्मक मार्गचित्र निर्माण गर्न सघाउ पुऱ्याउँछ।

सगरमाथा संवादको अर्को प्रमुख उद्देश्य भनेको समावेशी तथा न्यायपूर्ण जलवायु नीतिहरू निर्माण प्रक्रियामा हिमाली राष्ट्रहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्नु हो। जलवायु परिवर्तनका प्रत्यक्ष र गहिरा प्रभाव भोगिरहेका हिमाली क्षेत्रहरूले विश्वव्यापी जलवायु नीति निर्माणमा पर्याप्त स्थान पाएका छैनन्। सगरमाथा संवादले नेपाललगायतका हिमाली मुलुकहरूबीच साझा आवाज विकास गर्दै जलवायु सङ्कटबारे अन्तरराष्ट्रिय बहसमा तिनको दृष्टिकोण, अनुभव र प्राथमिकतालाई संस्थागत रूपमा प्रस्तुत गर्ने वातावरण तयार पार्न खोजेको हो। यसले 'तेस्रो ध्रुव' का रूपमा चिनिने हिमाली क्षेत्रलाई केबल प्रभावका पीडित होइन, समाधानका भागीदारका रूपमा स्थापित गर्ने र अन्तरराष्ट्रिय जलवायु न्याय सुनिश्चित गर्न हिमाली राष्ट्रहरूको नेतृत्व विस्तार गर्ने रणनीतिक लक्ष्य राखेको छ।

सगरमाथा संवादको अर्को प्रमुख उद्देश्यमध्ये एक हो, हिमाली क्षेत्रका राष्ट्रहरूबीच जलवायु परिवर्तनले पारिरहेको बहुआयामिक प्रभावको विषयमा साझा समझदारी विकास गर्नु। हिमाल पग्लिनु, हिमनदी सुक्नु, बाढीपहिरो, खाद्य असुरक्षा, जैविक विविधताको ह्रासजस्ता असरहरू क्षेत्रीय सीमाभन्दा बाहिर फैलिरहेका छन्। यस्तो अवस्थामा केबल राष्ट्रिय नीतिले मात्र पर्याप्त नतिजा दिन सक्दैन। साझा अनुभव, तथ्याङ्क र अनुसन्धान आदानप्रदान गर्दै जलवायु सङ्कटको साझा मूल्याङ्कन र सहकार्यको मार्गचित्र तयार पार्नु अत्यावश्यक छ। सगरमाथा संवादले हिमाली राष्ट्रहरूबीच वैज्ञानिक, नीतिगत र स्थानीय अनुभवको समन्वयमार्फत दीर्घकालीन समाधानको आधार निर्माण गर्न चाहन्छ।

नेपालजस्ता विकासोन्मुख तथा हिमाली राष्ट्रहरूको औद्योगिक इतिहास कम छ। तिनीहरूले कार्बन उत्सर्जनमा नगन्यमात्रामा योगदान गरेका छन्। तर पनि, यिनै देशहरू जलवायु परिवर्तनको सबैभन्दा गम्भीर र प्रत्यक्ष प्रभाव भोगिरहेका छन्। यस असमान अवस्थाको समाधानका लागि सगरमाथा संवादले जलवायु न्यायको पक्षमा दृढ आवाज उठाउने प्रयास गर्छ। न्यायोचित क्षतिपूर्ति, हरित वित्तमा विशेष पहुँच, र नीति निर्माणमा समान भागीदारीजस्ता मुद्दाहरू यस बहसको केन्द्रमा छन्।

यो संवाद एक नैतिक र कूटनीतिक मञ्च हो, जसले 'कम दोषी तर बढी पीडित' राष्ट्रहरूको पक्षमा अन्तर्राष्ट्रिय सहयोग र जिम्मेवारी सुनिश्चित गर्न दबाब सिर्जना गर्छ।

हिमाली राष्ट्रहरूले जलवायु परिवर्तनको असरसँग जुध्न आन्तरिक स्रोत र प्रविधिमा ठूलो सीमितता भोगिरहेका छन्। यस्तो चुनौतीको सामना गर्न सगरमाथा संवादले अन्तरराष्ट्रिय द्विपक्षीय र बहुपक्षीय साझेदारीहरू निर्माणलाई प्राथमिकतामा राखेको छ। हरित वित्त कोष (जीसीएफ), लस एण्ड ड्यामेज फण्ड, र प्राविधिक सहकार्यजस्ता संयन्त्रहरूमा पहुँच बढाउने उद्देश्य राखिएको छ। साथै, स्थानीय सरकार, संस्थान र नागरिक समाजको क्षमता अभिवृद्धि गर्दै जलवायु अनुकूलन तथा न्यूनीकरणमा दीर्घकालीन समाधान खोज्ने लक्ष्य राखिएको छ। यस्ता साझेदारीहरूले स्थानीय जनशक्तिलाई सशक्त बनाउनुका साथै वातावरणमैत्री विकासका सम्भावनाहरू उजागर गर्न मद्दत पुऱ्याउँछ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन फ्रेमवर्क कन्भेन्सन अन्तरराष्ट्रिय जलवायु नीतिनिर्माणको प्रमुख संरचना हो, जहाँका निर्णयहरू विश्वका करोडौं मानिसको जीवनसँग जोडिन्छन्। तर, नेपालजस्ता साना तथा हिमाली राष्ट्रहरूको आवाज यी मञ्चहरूमा अक्सर कमजोर रहँदै आएको छ। सगरमाथा संवादले हिमाली देशहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न आवाज उठाउँछ, जसले तिनको वास्तविकता र आवश्यकतालाई संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन फ्रेमवर्क कन्भेन्सनको नीतिगत एजेन्डामा स्थान दिन सकोस्। विशेषतः लस एण्ड ड्यामेज मेकालिज्म, एडेप्टेसन फ्रेमवर्क र क्षमता विकास कार्यक्रम जस्ता क्षेत्रहरूमा हिमाली दृष्टिकोण समावेश गर्नु सगरमाथा संवादको रणनीतिक प्राथमिकता हो। यस्तो सहभागिता नीतिगत समानताको आधार बनाउने दिशामा महत्वपूर्ण कदम हुनेछ।

नेपालले आयोजना गर्न लागेको सगरमाथा संवाद तीन दिनसम्म चल्ने बहसको एक महत्वपूर्ण अन्तरराष्ट्रिय मञ्च हुनेछ, जसमा जलवायु परिवर्तन, पारिस्थितिकीय प्रणालीको संरक्षण र दिगो विकासजस्ता विषयमा विश्वव्यापी चासोका मुद्दाहरू उठाइने छन्। यस संवादका क्रममा करिब १५ वटा मुख्य सत्रहरू सञ्चालन हुने छन् जसमा ९० भन्दा बढी विज्ञ, सरकारी अधिकारी, अनुसन्धानकर्ता, नागरिक समाजका प्रतिनिधि तथा अन्तरराष्ट्रिय संस्थाका सदस्यहरूले आफ्ना कार्यपत्रहरू प्रस्तुत गर्ने छन्। विविध पृष्ठभूमिका सहभागीहरूको उपस्थितिले यो संवादलाई बहुआयामिक दृष्टिकोणबाट समृद्ध बनाउने अपेक्षा गरिएको छ, जसले विश्वसमक्ष नेपालको जलवायु नेतृत्व र पहाडी तथा हिमाली क्षेत्रको संवेदनशीलता उजागर गर्नेछ।

हिमालदेखि महासागरसम्मको सम्बन्ध विषयको सत्रमा विश्वको जलचक्रमा हिमाली क्षेत्रले खेल्ने भूमिकाको गहिरो विश्लेषण गरिनेछ।

विशेषतः हिमाली क्षेत्रका हिमनदीहरू पग्लँदा उत्पन्न हुने पानीको प्रवाह कसरी नदी प्रणालीमार्फत तटीय क्षेत्रसम्म पुग्छ र त्यसले समुद्री सतहदेखि लिएर तटीय समुदायको जीवनशैलीमा कस्तो प्रभाव पार्दछ भन्ने विषयमा बहस गरिनेछ।

यसले हिउँ पग्लनाले निम्त्याउने विश्वव्यापी परिणामबारे चेतना फैलाउनेछ।

हरित अर्थतन्त्र र रूपान्तरणीय विकाससम्बन्धी सत्र वातावरणीय संरक्षण र आर्थिक समृद्धिको सन्तुलन खोज्ने उद्देश्यमा केन्द्रित हुनेछ। वातावरणमैत्री नीतिहरू, जलवायु-अनुकूल प्रविधिको प्रयोग, स्वच्छ ऊर्जा प्रणाली र दिगो पूर्वाधार विकासजस्ता विषयमा विविध दृष्टिकोणबाट बहस गरिनेछ। यसले दीगो विकास लक्ष्य (एसटीजी) प्राप्तिमा हरित अर्थतन्त्रको भूमिका प्रष्ट पार्ने अपेक्षा गरिएको छ।

क्षति र हानि न्यूनीकरण र सम्बोधनसम्बन्धी सत्रमा हिमाली राष्ट्रहरू जलवायु परिवर्तनबाट उत्पन्न क्षति र हानिको प्रत्यक्ष सिकार भइरहेका छन् भन्ने विषयलाई स्थापित गर्न प्रयास हुनेछ।

यस सत्रमा ती राष्ट्रहरूको आवश्यकताको पहिचान, अन्तरराष्ट्रिय सहायताको पहुँच, वित्तीय क्षतिपूर्ति प्रणाली तथा क्षति न्यूनीकरणको रणनीतिबारे छलफल गरिनेछ। यसले हाम्रा भौगोलिक विशेषताअनुसार उपयुक्त नीति निर्माणमा योगदान पुऱ्याउनेछ।

जलवायु न्याय र मानवताको भविष्यसम्बन्धी सत्र जलवायु अन्यायको सन्दर्भमा केन्द्रीत हुनेछ, जहाँ कम कार्बन उत्सर्जन गर्ने तर जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित हुने मुलुकहरूको हकहितबारे बहस गरिनेछ। जलवायु न्यायको सिद्धान्त, विश्वव्यापी नैतिक जिम्मेवारी र अन्तरपुस्तीय न्यायको अवधारणाले यस सत्रलाई समृद्ध बनाउनेछन्।

अन्तरराष्ट्रिय र क्षेत्रीय साझेदारीसम्बन्धी सत्रमा जलवायु सङ्कट समाधान गर्नको लागि एक्लै कुनै मुलुकले गर्न नसक्ने यथार्थतालाई स्वीकार्दै, क्षेत्रीय र अन्तरराष्ट्रिय सहकार्यलाई कसरी मजबुत पार्न सकिन्छ भन्ने विषयमा बहस हुनेछ। दातृ निकाय, क्षेत्रीय सङ्गठन, निजी क्षेत्र र सरकारहरूबीचको साझेदारीलाई प्रवर्द्धन गर्ने नीतिगत तथा व्यावहारिक उपायहरू प्रस्तुत गरिनेछन्।

मुख्य सत्रहरूसँगै सगरमाथा संवादमा १२ वटा समानान्तर सत्रहरू पनि सञ्चालन गरिनेछन्। जसमा हिमाली क्षेत्रका आदिवासी र स्थानीय ज्ञान प्रणाली, वातावरणीय शिक्षामा युवाको भूमिका, महिला र जलवायु न्याय, प्रविधिको उपयोगमार्फत स्मार्ट जलवायु प्रतिरोधी समाधानहरू र जोखिम मूल्याङ्कन तथा पूर्वसूचना प्रणालीका विषयमा गहन छलफल गरिनेछ। यी सत्रहरूले संवादलाई बहुपक्षीय, सहभागी र व्यावहारिक बनाउने उद्देश्य राख्छन्।

सगरमाथा संवादमा करिब १५० देखि १७५ जना विदेशी प्रतिनिधिहरूको सहभागिता रहनेछ, जसमा राष्ट्रसङ्घीय निकायहरू, क्षेत्रीय सङ्गठनहरू जस्तैः सार्क, बिमस्टेक, दातृ निकायहरू जस्तैः जीसीएफ, युएनडिपी, अन्तरराष्ट्रिय विश्वविद्यालयहरू, अनुसन्धान संस्थानहरू तथा सञ्चारमाध्यमका प्रतिनिधिहरू समावेश हुनेछन्। साथै, नेपालका सङ्घीय, प्रदेश र स्थानीय सरकारका प्रतिनिधि, नागरिक समाज, महिला तथा युवा समूह, र विश्वविद्यालयका विद्यार्थीहरूको समावेशी सहभागिता सुनिश्चित गरिनेछ, जसले संवादलाई समग्र र प्रतिनिधिमूलक बनाउनेछ।

सगरमाथा संवादको अन्तिम दिनको कार्यक्रम विशेष रूपमा भावनात्मक र प्रतीकात्मक सन्देश बोकेको छ। सहभागीहरूलाई हेलिकप्टरमार्फत सगरमाथा क्षेत्रको हवाई अवलोकन गराइने योजना छ, जसको उद्देश्य जलवायु परिवर्तनका प्रत्यक्ष प्रभावहरू विशेषतः पग्लँदै गरेका हिमाल तथा हिमनदीहरू र तिनीहरूले ल्याएका भौगोलिक परिवर्तनहरू प्रत्यक्ष अनुभव गराउनु हो। 'हिमालहरू बोल्छन' भन्ने सन्देशमार्फत यो भ्रमणले वैज्ञानिक चेतना मात्र होइन, भावनात्मक संलग्नता पनि सिर्जना गर्ने अपेक्षा गरिएको छ, जसले विश्वभरका नीति निर्मातामा गहिरो प्रभाव पार्न सक्छ।

सगरमाथा संवादले नेपाललाई 'ग्लोबल माउन्टेन लिडरसिप' जस्तै 'ग्लोबल माउन्टेन पार्टनर सिप', युएनएफसिसिसी आदिजस्ता अन्तरराष्ट्रिय मञ्चहरूमा हिमाली आवाजको सामूहिक प्रतिनिधित्व गर्ने केन्द्रस्थलका रूपमा स्थापित गर्न सक्नेछ। यसले जलवायु सङ्कटमा हिमाली क्षेत्रको विशेष संवेदनशीलतालाई विश्व समुदायमाझ उठाउने बलियो अवसर दिनेछ।

साथै, हरित विकास, जलवायु वित्त र अनुकूलन परियोजनाहरूका लागि अन्तर्राष्ट्रिय दातृ समुदायको ध्यान नेपालतर्फ केन्द्रित हुने सम्भावना बढ्नेछ। यसका माध्यमबाट वातावरणीय कूटनीतिमा नेपालको उपस्थिति सुदृढ हुनेछ, जसले दीर्घकालीन नीति निर्माण र संशाधन जुटाउने प्रक्रियालाई टेवा पुऱ्याउनेछ।सरकारले २०६८ सालमा 'रियो प्लस २०' समिटमा जलवायु परिवर्तनले गरेको असरलाई जोडदार रूपमा उठाउने मुद्दासहित १० बुँदे 'काठमाडौं घोषणा' जारी गर्दै पर्वतीय मुलुकको अन्तरराष्ट्रिय सम्मेलन गरेको थियो।

उक्त सम्मेलनमा चार हजार मिटरभन्दा अग्ला पर्वत भएका २६ हिमाली राष्ट्र सहभागी थिए। सम्मेलनकै क्रममा नौ राष्ट्रका वातावरण मन्त्रीको पनि बैठक भएको थियो। रियो सम्मेलनमा पर्वतीय मुद्दालाई एउटै आवाजका रूपमा प्रस्तुत गर्न सम्मेलनले काम थाल्न 'काठमाडौं आह्वान' (काठमाडौं कल फर एक्सन) भन्ने १० बुँदे घोषणापत्र जारी गरेको थियो। नेपालले सम्मेलन गरेर उठाएको एजेण्डालाई स्थापित गर्न लामो समय लागेको थियो। अहिले पनि सगरमाथा संवादका माध्यमबाट सरकारले अन्तरराष्ट्रिय समुदायको ध्यान खिचेर आफ्नो एजेण्डालाई स्थापित गर्न ठूलो कसरत गर्नुपर्ने देखिन्छ।

सहभागी पर्वतीय राष्ट्रहरूले विश्वव्यापी सहकार्यमार्फत जलवायु परिवर्तनको चुनौतीको उत्तम समाधान गर्न सकिने उपायसमेत अवलम्बन गरेका सम्मेलनमा पर्वतीय क्षेत्रको भविष्य उज्ज्वल गर्न सबैको सहयकार्य माग गरिएको थियो।

## सम्पादकीय

### नयाँ वर्ष सुखद रहोस्

विक्रम संवत २०८१ समाप्त भएको छ। विक्रम संवत २०८२ प्रारम्भ भएको छ। नयाँ वर्ष सबैका लागि सुखद होस्। विक्रम संवत २०८१ राजनीतिक रुपमा सर्वाधिक चर्चित रह्यो। नेकपा एमाले र नेकपा माओवादी केन्द्रलगायतको गठबन्धन भत्किएर नेपाली कांग्रेस र नेकपा एमालेबीच अनौंठो गठबन्धन भएको हो। देशका दुई ठूला दल मिलेर सरकार चलाइरहेको छ। सरकार गठन भएको पनि एक वर्ष पुरा हुने क्रममा छ। देशमा राजनीतिक स्थिरताका लागि दुई ठूला दलबीच गठबन्धन भएको दाबी गरिएको छ। देशमा नयाँ उदाउँदो राजनीतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष रवि लामिछाने जेल परेका छन्। भ्रष्टाचार सम्बन्धी कयौं ठूला मुद्दाहरु अख्तियारमा थन्किएका छन्। राजाले आफ्नो शक्तिको परीक्षण गरेको छ। राजा ल्याउने र हिन्दू राष्ट्र स्थापना गर्ने शक्ति सडकमा उत्रेका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) नेपालले त्यसको नेतृत्व गरिरहेको छ।संघीयता विरोधी शक्तिहरुले प्रदेशको संरचनालाई खारेज गर्न आवाज बुलन्द गर्न थालेका छन्। देशमा भ्रष्टाचार बढेको छ। कयौं कारणले देश नै असफल हुने अवस्थामा धकेलिदै छ। देशको आर्थिक अवस्था कमजोर बनेको छ। देशमा महिनामा खर्ब भन्दा बढी रेमिट्यान्स आइरहेको छ। तर देशको आर्थिक अवस्थामा सुधार भइरहेको छैन। देश विकासको प्रचुर सम्भावना रहे पनि नेताहरुको कमजोर इच्छाशक्तिले त्यस तर्फ ठोस काम हुन सकेको छैन। २०८१ सालमा राजनीतिक घटनाहरु भए पनि त्यसले मुलुकलाई अग्रगमणतर्फ लग्न सकेको छैन। राजाको पक्षमा रहेकाहरु मध्ये राप्रपाका उपाध्यक्ष रविन्द्र मिश्र, धवलशम्शेर राणा र दुर्गा प्रसाई पक्राउ परेका छन्। उनीहरुमाथि राजद्रोहको मुद्दा लगाइएको छ। तर राजावादीहरुले नयाँ वर्षमा पनि सक्रियता देखाउने सम्भावना छ। नेपालमा राजनीतिक स्थिरता आवश्यक छ। वर्तमान गठबन्धन सरकारले देशमा राजनीतिक स्थिरता दिन संविधान संशोधनलगायतका प्रमुख कामहरु गर्न आवश्यक छ। संविधान संशोधन गरेर मधेशी, आदीवासी, जनजातीको माग सम्बोधन गर्न आवश्यक छ। देशमा हिन्दू राष्ट्रका लागि उठेको आवाजलाई समेत सम्बोधन गर्न आवश्यक छ। नेपालको विकासका लागि राजनीतिक स्थिरता अत्यावश्यक छ। देशका दुई ठूला दलबीचको गठबन्धन आगामी चुनावसम्म चल्नु पर्छ। नेपालमा अझै कयौं वर्षसम्म एउटा पार्टीले सरकार बनाउने बहुमत प्राप्त गर्ने सम्भावना देखिदैन। तर राजनीतिक स्थिरता आवश्यक छ। राजनीतिक स्थिरताले देशको विकासमा मद्दत पुग्ने छ। राजनीतिक दलहरुले नयाँ वर्षमा संविधानलाई संशोधन गर्न एकजुट हुनु आवश्यक छ। संविधान संशोधनले धेरै राजनीतिक समस्याहरुलाई समाधान गर्न सक्छ। नयाँ वर्ष २०८२ मादेशको आन्तरिक समस्या समाधान गर्न दलहरुमा सहमति होस्। नयाँ वर्षमा सम्पूर्ण नेपालीलाई सुख, शान्ति र समृद्धि प्राप्त होस, हाम्रो शुभकामना।

# छोरीबुहारीले धानेको पाल्ही बहुमुखी क्याम्पस

अनिल यादव

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका वडा नं ४ जितपुरमा रहेको पाल्ही बहुमुखी क्याम्पसमा छात्राहरुको बाहुल्यता छ। त्यसमा पनि मधेसी समुदायका छात्राहरुको संख्या अधिक छ। त्यहाँ अध्ययन गर्ने छात्राहरुमध्ये विवाहित र अविवाहितको संख्या बराबर जस्तै छ। तराई क्षेत्रमा विवाह भएपछि अधिकांशले बुहारीलाई पढाउन स्कुल, कलेज नपठाउने प्रचलन अझ पनि कायमै छ, तर अहिले भने क्रमशः त्यो प्रचलन हट्दै गएको छ। त्यसको उदाहरण यही क्याम्पसमा अध्ययन गर्न आउने विवाहित छात्रालाई लिन सकिन्छ।

पाल्ही क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरु सबैजसो स्थानीय ग्रामीण भेगका छन्। विद्यार्थी संख्या हेर्दा उक्त क्याम्पस ग्रामीण क्षेत्रका छोरीबुहारीले चलेकोभन्दा फरक पर्दैन। क्याम्पस प्रशासनका अनुसार, क्याम्पसमा अध्ययन गर्ने छोरीबुहारीको संख्या ७४ प्रतिशत छ। यस क्याम्पसमा कूल विद्यार्थी संख्या ५०१ छ। जसमा छात्राको संख्या ३७० रहेको क्याम्पसका सहायक प्राध्यापक सञ्जीव कोइरालाले जानकारी दिनुभयो। जिल्लाकै पहिलो क्याम्पसका रुपमा रहेको यो क्याम्पस २०४६ साल वैशाख १२ गतेदेखि सञ्चालनमा आएको हो।

भारतीय सीमा क्षेत्रसँग जोडिएको हुनाले यो क्याम्पस अध्ययन गर्नेहरु अधिकांश मधेसका छोरीबुहारी छन्। रामग्राम नगरपालिका, पाल्हीनन्दन गाउँपालिका र सराबल गाउँपालिकाबाट विद्यार्थीहरु अध्ययनका लागि यहाँ पुग्ने गरेका छन्। आर्थिक अवस्था राम्रो भएकाहरु भैरहवा, बुटवल र काठमाडौं अध्ययनका लागि जाने गरेका छन्। तर कम आयस्रोत भएका र विवाहित तथा मधेसी समुदायका अधिकांश छोरीको उच्च शिक्षा हासिल गर्ने शैक्षिक संस्थाका रुपमा यो क्याम्पस रहेको छ।

पछिल्लो समय मधेसी समुदायमा पनि शिक्षाको चेतना बढेपछि छोरीबुहारीहरु उच्च शिक्षाका लागि आउने गरेको सहायक प्राध्यापक कोइरालाको बुझाइ छ। घरमा ससाना नानीबाबुलाई छाडेर उनीहरु बिहानको समयमा क्याम्पस आउने गरेका हुन्। बिहानी कक्षा भएकाले पनि उनीहरुको पढ्ने इच्छा पूरा हुनमा मद्दत गरेको छ।

पाल्हीनन्दन गाउँपालिका-२ बस्ने प्रियङ्का कुमारी मिश्रा यसको उदाहरण हुनुहुन्छ। उहाँ विवाहित हुनुहुन्छ। श्रीमान्, सासूससुराको सहयोग र प्रेरणाले उहाँ अहिले पाल्ही क्याम्पसको स्नातक तहको तेस्रो वर्षमा अध्ययनरत हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, "म शौभाग्यशाली छु, राम्रो परिवार पाएकी छु, र उहाँहरुले नै मलाई प्रेरणा दिएर पढ्न पठाउनु भएको छ।"

हुनतः प्रियङ्काले पहिलो पटक २०७४ सालमा क्याम्पसमा स्नातक तहमा भर्ना भएर प्रथम वर्षको परीक्षा पनि उत्तीर्ण हुनुभयो तर दोस्रो वर्षको परीक्षा भने दिनुभएन। पढाई बीचमै छोड्नुभयो। पढाई छोड्नुका कारण उहाँको पारिवारिक समस्या वा चुनौती थिएन, उहाँ आफैँले छाड्नुभएको थियो। उहाँले भन्नुभयो, "दोस्रो वर्षको परीक्षा दिने बेलासम्म मेरो बच्चा जन्मियो, पढाई रोकियो। त्यसपछि मेरो बच्चा ठूलो भयो र म २०७९ सालमा फेरि सुरुदेखि पाल्ही क्याम्पसमा भर्ना भएर पढाइलाई निरन्तरता दिँदैछु।"

उहाँ भन्नुहुन्छ, "म ब्राह्मण समुदायको बुहारी हुँ र हाम्रो समुदायमा छोराछोरी जन्मिएपछि बुहारीले पढाइलाई निरन्तरता दिएका कमै होलान्। अझै म मधेसको पनि भारतसँग सीमा जोडिएको बस्ती, समुदायको हुँ जहाँ अहिले पनि बुहारीहरु घरकै कामकाजमा व्यस्त देखिनुहुन्छ। तर मेरो श्रीमान् र सासूससुराले शिक्षाको महत्व बुझेर होला मलाई पढ्नबाट रोक्नु भएन र अवसर दिनुभयो।"

प्रियङ्का जस्तै अन्य बुहारीहरुले पनि यसैगरी विवाहपछिको पढाइलाई निरन्तरता दिएका छन्। नवलपरासीको सुनवल नगरपालिका-९ सोवाठी माइत भएकी अनिताको रुपन्देहीको रोहिणी गाउँपालिका-२ मा कक्षा १२ सम्म पढेपछि बिहे भयो। बिहेपछि पढाइले निरन्तरता पाउँछ भन्नेमा उहाँलाई शङ्का थियो। तर अनिता अहिले पाल्ही क्याम्पसमा स्नातक तहमा अध्ययनरत हुनुहुन्छ। उहाँले भन्नुभयो, "मेरो श्रीमानले नै पढ्नुपर्छ भनेर मलाई हौसला दिनुभएको हो। अहिले म माइतमा बसेर पाल्ही क्याम्पस धाउँदै छु।"

अझै परिवारमा सबैकुरालाई व्यवस्थापन गरेर निरन्तर कक्षामा सहभागी हुन मधेसका बुहारीलाई चुनौतीको विषय हो। तर उहाँहरु सबै काम र परिवारिक सम्बन्धलाई राम्रो बनाउँदै दिनहुँ कक्षामा उपस्थित हुनुहुन्छ।

उहाँहरुमध्ये सबैभन्दा बढी चुनौती स्नातक तहमै अध्ययनरत छात्रा रामग्राम-७ उजैनी बस्ने चन्दा हरिजनलाई छ। चन्दाका दुई बच्चा छन्। सानो बच्चा सात महिनाको छ। तर उहाँ कक्षामा नियमित उपस्थित हुने गर्नुभएको छ। उहाँ भन्नुहुन्छ, "मेरो दुवै बच्चालाई सासूससुराले हेरचाह गर्नुहुन्छ, म बिहानै कलेज आउँछु। क्याम्पसबाट घर गएर बालबच्चाको हेरचाह पछि फुर्सद निकालेर पढ्ने गरेकी छु। मेरो पढाइलेखाइमा मलाई सासूससुराको ठूलो सहयोग छ, नत्र सातमहिने बच्चालाई घरमा छाडेर म कसरी पढ्न पाउँथे र ?"

बुहारी पढ्न जाने भएपछि बिहानको खाना बनाउन सासूससुराले सघाउने गरेको उहाँले सुनाउनुभयो। बच्चालाई आवश्यक कुराहरु बेलुकै तयार गर्छु। उनीहरुलाई बिहान आवश्यकपर्ने लत्ताकपडा सबै मिलाएर मात्रै म बिहान क्याम्पस पढ्न आउँछु, उहाँले भन्नुभयो।

त्यस्तै, रामग्राम नगरपालिका-१५ घिन्हा बस्ने रिनु चौधरीको पनि पारिवारिक अवस्था उस्तै छ। उहाँको पनि १३ महिनाको बच्चा छ। परिवारकै जिम्मा लगाएर निरन्तर कक्षामा सहभागी हुनेगरेको उहाँले सुनाउनुभयो। परिवारमा रहेका सासूससुरा र श्रीमान्को सहयोग भएन भने पढाइलाई निरन्तरता दिन गाह्रो छ। तर यो सबै सम्भव भएको पनि पाल्ही क्याम्पसले हो भनेर उहाँहरुले क्याम्पसलाई श्रेय दिनुभएको छ। क्याम्पस नजिक छ, हाम्रा अभिभावकको मन जितेको छ, त्यसैले हामीले पढाईलाई बुहारी भएर पनि निरन्तरता दिन पाएका छौं, रिनुले भन्नुभयो।

# प्रधानमन्त्रीद्वारा गौरादह नगर अस्पतालको शिलान्यास



झापा । प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको गौरादह नगर अस्पतालको आइतबार शिलान्यास गर्नुभएको छ । नगरपालिकाको वडा नं १ स्थित चौतु चोकमा आयोजित कार्यक्रममा उहाँले शिलान्यास गर्नुभएको हो ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले निर्माण हुने अस्पतालले स्थानीय बासिन्दाका साथै छिमेकी भारतका जनताको उपचारको सुविधा दिनसक्ने बताउनुभयो । उहाँले आवश्यकता आधारमा अस्पतालको सेवा विस्तार गर्दै जान सकिने जनाउँदै सूचना र प्रविधिको उपयोगबाट सरकार हरेक क्षेत्रमा आधारभूत सेवा उपलब्ध गराउन क्रियाशील रहेको बताउनुभयो । मुलुकलाई रचनात्मक कामबाट विकसित गराउने अभियानमा सरकार रहेकाले युवाहरूलाई स्वदेशमै व्यावसायिकता र रोजगारीमा लाग्न प्रधानमन्त्रीले आग्रह गर्नुभयो ।

दुई बिघामा रु १२ करोड ५९ लाख ७९ हजार ४९६ को लागतमा २०८३ साल माघ १४ भित्र बन्नेगरी जे एण्ड जे निर्माण सेवासँग सम्झौता भएको छ । प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकालमा २०७५ सालमा सबै स्थानीय तहमा १५ शय्याको आधारभूत अस्पताल निर्माण गर्ने घोषणा भएकामा जग्गाप्राप्तिमा विलम्ब भएका कारण गौरादहमा अस्पताल भवन निर्माण सुरु हुन सकेको थिएन ।कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की उपस्थित हुनुहुन्थ्यो ।रासस

# संविधानको पूर्ण कार्यान्वयन हुन जरुरी छ : सांसद सुवेदी

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सदस्य झक्कुप्रसाद सुवेदी राष्ट्रियसभाको सांसद हुनुहुन्छ । विसं २०३६ देखि राजनीति सुरु गर्नुभएका उहाँ २०६४ सालमा संविधानसभाको सभासद् हुनुहुन्थ्यो । सुनिल स्मृति गाउँपालिका-६ रोल्पा निवासी सुवेदी २०६४ को पहिलो संविधानसभाको निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको हो । सांसद सुवेदी तत्कालीन गाविस अध्यक्ष हुँदै २०४९ सालमा जिल्ला विकास समिति रोल्पाको सभापतिसमेत हुनुभएको थियो । सांसद सुवेदीसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंश :

रोल्पा जिल्ला पहिल्यैदेखि विकास नभएको दुर्गम जिल्ला हो । भौतिक पूर्वाधार विकासको हिसाबले पछाडि पारिएको जिल्ला हो । त्यहाँको मुख्य समस्या सडक हो । अहिले पनि कच्ची बाटो छ । खोलामा पुल अभाव छ, सडक कालोपत्र हुनसकेको छैन । रोल्पा कृषिमा आधारित जिल्ला हो । तर पम्परागत कृषि छ । पानीको राम्रो व्यवस्था भएकाले व्यावसायिक तरकारी खेती गर्न सकिने राम्रो सम्भावना भएको जिल्ला हो । त्यहाँ राम्रो सुन्तला र कागती उत्पादन गर्न सकिन्छ । तर त्यो पनि व्यावसायिक बन्न सकेको छैन । व्यावसायिक सुन्तलाखेतीका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारले रोल्पालाई छनोट गर्दा धेरै सम्भावना छ । यी सबै खेती आधुनिक तरिकाले गर्नुपर्छ ।

पछिल्लो समयमा जिल्लामा शिक्षा र स्वास्थ्य सेवा पुगेको छ । तर ती गुणस्तरीय र व्यवस्थित छैनन् । पर्यटनको हिसाबले थवाङ गाउँपालिकामा पर्ने १२ हजार फिटको उचाइमा रहेको 'जलजला' भन्ने स्थानमा आन्तरिक पर्यटक त्यहाँ जान्छन् । त्यहाँ जाने बाटो बनेको छ । तर व्यवस्थित भएको छैन । जलजलालाई केन्द्रबिन्दु बनाएर पूर्वाधारको विकास गर्न सक्ने हो भने पर्यटनको सम्भावना धेरै छ ।

**'सांसद मन्त्री हुने व्यवस्था हटाउनुपर्छ'**

अहिलेको शासकीय स्वरुप परम्परागत छ । संवैधानिक राष्ट्रपति र संसद्बाट निर्वाचित कार्यकारी प्रधामन्त्री हुन्छ । अहिलेको निर्वाचन प्रणालीबाट एउटै पार्टीको बहुमत आउँदैन । पार्टीको बुहमत नआएपछि निश्चित रूपमा सरकार अस्थिर हुन्छ । सरकार स्थिर भएमात्र जनतालाई सुशासन दिन सकिन्छ । स्थिर सरकारका लागि आमजनताबाट निर्वाचित प्रत्यक्ष कार्यकारी राष्ट्रपति हुनुपर्छ । संसद् बाट चुनिएको प्रधानमन्त्री सिङ्गो देशका लागि भन्दा पनि आफ्नो निर्वाचन क्षेत्र वा जिल्लामा मात्र केन्द्रित हुने देखियो । तर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुँदा देशभरि दृष्टि पुग्छ । त्यसो गर्दा पाँच वर्ष सरकारलाई काम गर्न ढुक्क हुन्छ । सांसद मन्त्री हुने व्यवस्था हटाउनुपर्छ । अब विषय विज्ञलाई छानेर मन्त्री बनाउने व्यवस्था हुनुपर्छ । अहिले मन्त्रीले मन्त्रालय बुझ्दाबुझ्दै कार्यकाल सकिन्छ । सङ्घीय सांसदले कानुन बनाउने हो । विकासको काम प्रदेश र स्थानीय सरकारले गर्छ । सांसद मन्त्री बन्न तछाडमछाड भयो । पूर्ण समानुपातिक निर्वाचनबाट सांसद चुन्ने व्यवस्था हुनुपर्छ । पार्टीको नाममा मत माग्ने । जुन पार्टीले लोकप्रिय छ, त्यसले मत पाउँछ । अहिले जोससँग पैसा छ, उसले चुनाव जित्ने भएको छ ।

राष्ट्रियसभामा विकासको विषयभन्दा पनि मूलभूत रूपमा कानुनको विषयमा अलि बढी छलफल हुन्छ । साथसाथै जनताका सवाल उठाउने र विकासको सवालमा पनि छलफल हुन्छ । संसद्मा राजनीतिक घोचपेच पनि हुन्छ । प्रतिनिधिसभामा जे भइरहेको छ, त्यसको प्रभाव केही मात्रामा राष्ट्रियसभामा पनि पर्छ । सरकार संसद्प्रति जवाफदेही हुनुपर्ने हो, तर त्यस्तो देखिँदैन । संसद्मा उठेका जनताको सवाललाई सरकारले कमै मात्रामा कार्यान्वयन गरेको छ ।



संविधान तीव्र रूपमा कार्यान्वयन हुनुपर्ने हो, तर भएको छैन । सङ्घीयताका बारेमा राजनीतिक पार्टीले मात्र बुझेर हुँदैन । त्यसका बारेमा टोलटोका जनतालाई बुझाउन जरुरी छ । सङ्घीयताका बारेमा प्रहरी, सेना र समग्र कर्मचारीतन्त्रले बुझ्न जरुरी छ । सङ्घीयता भनेको तल अधिकार दिने हो । विकेन्द्रिकरण भनेको माथिबाट तलसम्म दिने हो । सङ्घीयताबारे संविधान नै अधिकारप्रदत्त गरेको छ । स्थानीय र प्रदेश सरकारले संवैधानिक अधिकार प्रयोग गर्न पाउनुपर्छ । अधिकार प्रयोग गर्न नपाएपछि जति काम हुनुपर्ने हो, त्यति काम हुनसकेको छैन । त्यसैले सङ्घीय सरकारले संविधानप्रदत्त प्रदेश र स्थानीय तहको अधिकार कार्यान्वयन गर्नुपर्छ ।

> संविधान तीव्र रूपमा कार्यान्वयन हुनुपर्ने हो, तर भएको छैन । संघीयताका बारेमा राजनीतिक पार्टीले मात्र बुझेर हुँदैन । त्यसका बारेमा टोलटोका जनतालाई बुझाउन जरुरी छ ।

सङ्घीयता भनेको अधिकार बाडफाँट हो । सङ्घले अधिकार बाँड्न जरुरी छ । अधिकारजति सङ्घीय सरकारमा थोपरेर सङ्घीयता कार्यान्वयन हुन सक्दैन । स्थानीय तहमा अधिकार अझै बढाउनुपर्छ । शिक्षा, प्रहरी र निजामती ऐन ल्याउन ढिला भएको छ । यी ऐन ढिलो हुनुमा सरकारको कमजोरी हो । हामीले गणतन्त्रको व्याख्या मात्र गरेर हुँदैन ।

त्यसलाई जनताको घरदैलोमा पुर्याउनुपर्छ । जनताले गणतन्त्रको अनुभूति गर्न पाएका छैनन् । जनताले राजा चाहिन्छ भनेकै छैनन् । बरु राजनीतिक दलप्रति जनताको असन्तुष्टि छ । त्यो कुरा दलहरूले बुझ्नुपर्छ । अहिले संविधान जनताको अधिकारसम्पन्न छ । तर लागू भएको छैन । संविधानको पूर्ण कार्यान्वयन हुन जरुरी छ । सरकार भनेको जनताको अभिभावक हो ।

नेपाली विद्यार्थीहरूले अध्ययनका लागि खर्बौं रुपैयाँ विदेश लिएर गएका छन् । त्यसलाई रोक्नका लागि नेपाली शिक्षा गुणस्तरीय बनाउनुपर्छ । रोजगारमूलक शिक्षा बनाउन जरुरी छ । स्वदेशमा पढेका विद्यार्थीलाई क्षमताअनुसारको रोजगारी सरकारले दिन सक्नुपर्छ । उत्कृष्ट डाक्टर, इन्जिनियर विदेश गएपछि नेपालको कसरी विकास हुन्छ ? क्षमतावान् मानिसको उचित कदर हुनुपर्छ । सरकारले विषय विज्ञसँग छलफल नै नगरी परम्परागत रूपमा नीति कार्यक्रम ल्याएको छ । रोजगारीको सिलसिलामा विदेश जाने युवालाई रोक्नका लागि कृषि, पर्यटनमा सरकारले योजना ल्याउनुपर्छ । हामीसँग जलस्रोत छ । जलस्रोतबाट बिजुली निकालेर विदेशलाई बेच्न सकिन्छ । विजुलीले नेपाललाई नयाँ ठाउँमा पुर्याउँछ । त्यसका लागि हामीसँग जनशक्ति छैन । पर्यटन पूर्वाधारको विकास हुनसकेको छैन । काठमाडौंबाट भारतसँग जोड्ने छ लेनको बाटो बन्ने हो भने त्यसबाट पनि देशको लागि फाइदा नै हुन्छ ।

मुक्तिनाथ, हलेसी, खप्तड र पाथिभराबाट भारत जोड्ने छ लेनको बाटो बनाउन सकेको खण्डमा पर्यटनबाट देशलाई फाइदा हुने देखिन्छ ।

देशको व्यवस्था परिवर्तन भयो । अब जनताको व्यवस्था गर्नुपर्छ भनेर हाम्रो पार्टी लागिरहेको छ । गणतन्त्रलाई व्यावहारिक रूपमा जनताको घरघरमा पुर्याउनुपर्छ । सुशासनको कुरा मात्र भएको छ । सुशासनबिना समृद्धि सम्भव छैन । सरकार सुशासनप्रति प्रतिबद्ध हुनुपर्छ । सुशासन भनेको भ्रष्टाचारको अन्त्य हो । जुन देशका जनता गरिब छ, त्यो देशका जनताका भ्रष्टाचारको विरोधी हुन्छन् । विकसित देशका भ्रष्टाचार भइरहेको हुन्छ ।

तर कुरा कम उठेको हुन्छ । गरिब देशमा जनताले सहन नसक्ने भनेको भ्रष्टाचार हो । भ्रष्टाचारको निर्मूल अहिले नै नहोला । तर न्यूनीकरण गर्दै लैजान सकिन्छ । जनप्रतिनिधि भएर सदाचारी बन्न सक्दैनन् भने उनीहरूलाई कानुनअनुसार कारबाही गर्न सक्नुपर्छ ।रासस

## मुस्लिम समुदायले निर्वाह गरेको भूमिकाको सराहना

पाटन । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा सामाजिक सद्भाव कायम मुस्लिम समुदायले निर्वाह गरेको भूमिकाको सराहना गर्नुभएको छ ।

पार्टीको भ्रातृ संस्था नेपाल मुस्लिम सङ्घ केन्द्रीय समितिद्वारा पार्टी केन्द्रीय कार्यालयमा आइतबार आयोजित इद मिलन तथा नववर्ष २०८२ को शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले सामाजिक सद्भाव कायम गर्न तथा पार्टीलाई सबल बनाउन मुस्लिम समुदायले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो । "मुस्लिम समुदायमा धेरै सहयोगी दाजुभाई दिदीबहिनी हुनुहुन्छ, मुलुकले अङ्गीकार गरेको समावेशी, समानुपातिक शासन व्यवस्थाले सबै जात र समुदायलाई समेटेको र यसलाई अझ समावेशी बनाउन पार्टी सचेत रहेको सभापति देउवाले बताउनुभयो ।

पार्टीका सहमहामन्त्री भीष्मराज आङ्दम्बेले धार्मिक स्वतन्त्रता र सहिष्णुतालाई स्वीकार गर्दै लोकतान्त्रिक व्यवस्थामा विश्वास गर्ने नेपाली कांग्रेसले सबैको आस्था, विचार र मुल्य मान्यतालाई स्वीकार गरेर हार्दिककता प्रदर्शन गरिरेहको बताउनुभयो । केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले मुस्लिम समुदायले लोकतान्त्रिक व्यवस्था र देशको विकासमा पुर्याएको योगदान



बिर्सन सकिदैन भन्नुभयो ।

अर्का केन्द्रीय सदस्य अब्दुल सतारले नववर्ष २०८२ को शुभकामना व्यक्त गर्दै सबै जातजाति,समुदायबीचको एकताबाटै देशको विकास गर्न सकिने बताउनुभयो । त्यस अवसरमा नेपाली कांग्रेस ललितपुरका सभापति जितेन्द्रकुमार श्रेष्ठ, नेपाल मुस्लिम सङ्घका केन्द्रीय अध्यक्ष अताबुल मन्सुर र मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष महमद्दिन अलीले धार्मिक एकता, सद्भाव र सहिष्णुता नेपालीको पहिचान भएको बताउनुभयो ।रासस


## प्रधानमन्त्रीबाट तीन जिल्लाका सामुदायिक विद्यालयलाई कम्प्युटर वितरण




झापा । प्रधानमन्त्री केपी शर्मा ओलीले झापा, तेह्रथुम र ताप्लेजुङका १५ सामुदायिक विद्यालयलाई कम्प्युटरलगायत शैक्षिक सामग्री वितरण गर्नुभएको छ ।

सामाजिक उत्तरदायित्वअन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्माण व्यवसाय कोषको रकमबाट आइतबार दमकमा आयोजित कार्यक्रममा ती सामग्री वितरण गरिएको हो ।प्रधानमन्त्री ओलीले शैक्षिक गुणस्तर वृद्धिका लागि सरकारी र निजी क्षेत्रले यस्ता शैक्षिक सामग्री उपलब्ध गराई सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# मानव बेचबिखनका पीडितको न्यायमा पहुँचको सुनिश्चितता माग



काठमाण्डु । 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक' मा मानव बेचबिखनको परिभाषा स्पष्ट हुने गरी लेख्न सरोकारवालाले सुझाव दिएका छन् ।

महिला, कानुन र विकास मञ्चले यहाँ आइतबार आयोजना गरेको 'मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधनगर्नबनेकोविधेयक' माथिको छलफलको क्रममा सरोकारवालाले मानव बेचबिखनको सवालमा कडा सजायको व्यवस्था गर्नुपर्ने सुझाव दिएका हुन् । पीडित तथा प्रभावितको उद्धार तथा पुनःस्थापनालाई कानुनी रूपमै प्रष्ट पार्नुपर्ने सरोकारवालाको भनाइ छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण शाखा प्रमुख मीना पौडेलले विभिन्न बाहानामा हुने मानव बेचबिखनको अन्त्य हुने गरी विधेयक तयार गरिएको जानकारी दिनुभयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले चैत ११ गते 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक' प्रतिनिधिसभामा दर्ता गराउनुभएको छ । सङ्गठित अपराधका रुपमा विश्वभर फैलिएको मानव बेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरणक्ष गर्ने, बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्ने उद्देश्यले सरकारले सो विधेयक ल्याएको हो ।

स्वदेशमा वा विदेशमा मानव बेचबिखन तथा ओसारपसारको कसुरको आरोप लागेका व्यक्तिलाई कानुनको दायरामा ल्याउने तथा दण्डसजायको दायरालाई फराकिलो बनाउने उद्देश्यले ऐन संशोधन गर्न लागिएको उहाँको भनाइ छ ।

विधेयक अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सबै जिल्लामा संरचना बनाउने व्यवस्था गरिएको छ ।

'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' मा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने विषयलाई मानव ओसार पसार गरेको मानिने उल्लेख छ । तर अधिवक्ता सविन श्रेष्ठले नेपालबाट विदेशमा लैजाने कार्यलाई मात्र ओसारपसारभित्र समेटेको परिप्रेक्ष्यमा नेपालभित्रै हुने वा विदेशबाट नेपालमा हुने ओसारपसारलाई समेत समेट्न आवश्यक भएको भन्दै विदेशमा लैजाने भन्ने शब्दको सट्टा एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा विदेशबाट नेपाल ल्याउने वा बाटोको देशको रुपमा प्रयोग गर्ने भन्ने शब्द राख्न प्रस्ताव गर्नुभयो ।रासस

> महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले चैत ११ गते "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक" प्रतिनिधिसभामा दर्ता गराउनुभएको छ ।

# आयोगको सुझाव अनुरुप बजेट निर्माण गर्न अनुरोध



काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले उच्चस्तरीय आर्थिक सुधार आयोगका सुझावअनुरुप बजेट निर्माण गर्न सरकारसँग आग्रह गर्नुभएको छ ।

अर्थ मन्त्रालय, राजस्व परामर्श समितिले शनिबार रुपन्देहीमा आयोजना गरेको बजेट तथा राजस्व नीतिसम्बन्धी अन्तरक्रिया कार्यक्रममा आयोगका सदस्यसमेत रहनुभएका अध्यक्ष ढकालले आयोगको सुझावअनुरुप बजेट निर्माण गर्दा अर्थतन्त्रका धेरै विषय सम्बोधन हुने बताउनुभयो ।

उहाँले बजेट जनता केन्द्रित विकास, वर्तमान आवश्यकता र प्राथमिकताका आधारमा उत्पादन र रोजगारी वृद्धि गर्ने गरी ल्याउनुपर्नेमा जोडदिँदै सरकारले राजस्व सङ्कलनलाई मात्र प्राथकितामा राख्दा रोजगारी सिर्जना र उत्पादन वृद्धि तथा आयात प्रतिस्थापनको विषय ओझेलमा परेको बताउनुभयो । अध्यक्ष ढकालले विगत दुई वर्षदेखि विप्रेषणको आन्तरिक कारोबार शून्य बनाइएकाले साना व्यवसायी तथा विद्यालय,कलेज,अस्पताललगायत सङ्गठित सङ्घसंस्थामा आवश्यक पर्ने सानो रकम प्रयोगमा सर्वसाधारणले समस्या भोग्नु परेकाले यसलाई पुनः सुचालु गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

## जनताका समस्या समाधान गर्न अध्यक्ष दाहालको अनुरोध



चितवन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताका समस्या समाधानतर्फ केन्द्रित हुन सरकारलाई अनुरोध गर्नुभएको छ ।

आइतबार पत्रकारसँग कुरा गर्दै उहाँले शिक्षक, डाक्टर, नर्स, लघुबित्त पीडित, सहकारी पीडित र राजनीतिक दलहरु आन्दोलनमा रहेका बताउँदै जनताका समस्या समाधान गर्न सरकारलाई आग्रह गर्नुभएको हो ।

फरक प्रसङ्गमा अध्यक्ष दाहालले नयाँ वर्ष २०८२ मा राजनीतिक दलहरुलाई नयाँ सङ्कल्पका साथ अघि बढ्न जरुरी रहेको बताउनुभयो । उहाँले जनता र राष्ट्रको आवश्यकता अनुसार अघि बढ्नका लागि नयाँ सङ्कल्प जरुरी रहेको बताउनुभयो ।रासस

# ‘कुलीनतन्त्रविरुद्ध लड्ने’ स्यान्डर्सको घोषणा

एएफपी

लस एन्जलस । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको करनीतिले अमेरिका लगायत विश्वको अर्थतन्त्रलाई तहसनहस पार्न लागेको भन्दै राष्ट्रपति ट्रम्पको ‘कुलीनतन्त्रविरुद्ध लड्ने’ ८३ वर्षीय अमेरिकी सिनेटर बर्नी स्यान्डर्सले बताउनुभएको छ ।

ट्रम्पका सबैभन्दा मुखर विरोधीका रूपमा बर्नी स्यान्डर्सले ट्रम्पको विरोधमा दशौं हजार मानिसलाई सम्बोधन गर्दै भन्नुभयो, “हामी अब अमेरिकी ‘कुलीनतन्त्रविरुद्ध लड्नुको’ विकल्प छैन ।”

स्यान्डर्स र डेमोक्र्याटप्रतिनिधि अलेक्जेन्ड्रिया ओकासियो-कोर्टेजको भाषणअघि शनिबार लस एन्जलसस्थित ग्लोरिया मोलिना ग्रान्ड पार्कमा राजनीतिज्ञ, सङ्घका प्रतिनिधि र साङ्गीतिक कार्यक्रमसहित अतिथिहरू मञ्चमा उपस्थित देखिएका थिए ।स्यान्डर्सले उत्साहित भीडलाई भन्नुभयो, “हजारौँको संख्यामा यहाँ भएको तपाईंको उपस्थितिले डोनाल्ड ट्रम्प र एलन मस्कलाई धेरै चिन्तित बनाइरहेको छ”डेमोक्र्याटिक पार्टीको सदस्य कहिल्यै नरहेका स्वघोषित समाजवादी नेताले विगत दुई महिनादेखि ‘कुलीनतन्त्रविरुद्ध लड्ने’ आफ्नो राष्ट्रव्यापी यात्रामा भीडलाई आकर्षित गर्दै आउनुभएको छ ।

उहाँको प्रगतिशील, बामपन्थी बयानबाजी ट्रम्पको नीतिको विरोध गर्ने र स्थापित डेमोक्र्याटहरूको ट्रम्पविरुद्धको राजनीतिक प्रतिरोधको अभावमा निराश भएकाहरूको आवाजलाई प्रतिध्वनित गरेको छाअमेरिकी ‘फल्क रक’ का नील यङले शनिबार लसएन्जलसको भीडलाई साङ्गितक सम्बोधन गर्दै इलेक्ट्रिक गितार बजाएर



‘टेक अमेरिका ब्याक! को नारा लगाउनुभएको थियो ।

नारीवादी गायिका तथा गीतकार म्यागी रोजर्सले क्यालिफोर्नियाको मरुभूमिमा आयोजना हुने विशाल कोचेला सङ्गीत महोत्सवलाई सङ्केत गर्दै यस कार्यक्रमलाई ‘ बर्नीचेला’ भन्नुभयो ।

२८ वर्षीय कला शिक्षक एलेक्स पावेलले अमेरिकीहरूलाई आशाको खाँचो रहेको बताउनुभयो ।

“म डेमोक्र्याटहरूको प्रतिक्रियाबाट वास्तवमै निराश छु, म उनीहरूको तर्फबाट थप कारबाही चाहन्छु, थप आक्रोश (प्रतिक्रिया) चाहन्छु,” उहाँले एएफपीसँग भन्नुभयो ।

**मनोवैज्ञानिक आघात**

“डोनाल्ड ट्रम्पको नयाँ कार्यकाल कष्टप्रद छ, यो वास्तवमै डरलाग्दो छ,” पावेलले ट्रम्पको आप्रवासी विरोधी अभियानअन्तर्गत आफ्ना एक अभिभावकलाई अमेरिकाबाट निर्वासित गरिएपछि उहाँका केही माध्यमिक विद्यालयका विद्यार्थीहरू कसरी ‘ आघातमा’ परेका थिए भन्ने वर्णन गर्दै भन्नुभयो ।

ट्रम्पले सरकारी अनुदानमा व्यापक कटौती गरेको र स्वास्थ्य सेवा र अनुसन्धानका लागि खतरासहित धेरै गुनासाहरू समर्थकमाझ राख्नुभएको थियो ।

टेस्ला र एक्सका मालिक एलन मस्कको उल्लेख गर्दा भीड उत्साहित भएको थियो । दक्षिण अफ्रिकी अर्बपतिलाई ट्रम्पले नाटकीय रूपमा सरकारी खर्च घटाउने जिम्मा दिनुभएको छ जसलाई स्यान्डर्सका समर्थकहरूले राजनीतिमा सम्पत्तिको भ्रष्ट प्रभावको प्रतीक मान्छन् । कार्यक्रमका एक सहभागी २७ वर्षीया भेरा लोहले एएफपीसँग भन्नुभयो, “स्यान्डर्स आफ्नो जीवनभर नमूना समाजवादी नेता रहनुभयो । ‘पूरै समय’ सही हुनुहुन्थ्यो । अमेरिकालाई पैसा र राजनीतिको साँठगाँठले भयानक प्रभाव पारेको छा”

गत नोभेम्बरमा राष्ट्रपति पदका उम्मेदवार कमला ह्यारिसलाई पराजित गरेपछि डेमोक्र्याट पार्टीका धेरै नेताको उदासीनतादेखेर आफू स्तब्ध भएको लोहले बताउनुभयो। लोहले भन्नुभयो, “पार्टीले अल्पसङ्ख्यकमाथि धेरै ध्यान दिएको छ । यदि मानिसहरूले यसलाई वर्ग युद्धको रूपमा हेरेनन् भने हामी पहिचानको राजनीतिबाट हराउँछौं ।”एएफपीसँग कुरा गर्दै लोहले भन्नुभयो, “हामी उच्च तलब चाहन्छौं, हामी आवास चाहन्छौं, हामी सामान किन्न सक्षम हुन चाहन्छौं ।”

**‘अधिनायकवादी समाज’**

“हामी यस्तो क्षणमा बाँचिरहेका छौं, जहाँ मुट्ठीभर अर्बपतिहरूले हाम्रो देशको आर्थिक र राजनीतिक जीवनलाई नियन्त्रण गर्छन्,” स्यान्डर्सले शनिबार भन्नुभयो ।

ट्रम्पले अमेरिकालाई ‘समाजको अधिनायकवादी रूपतर्फ द्रूत गतिमा अघि बढाइरहेका छन्,” उहाँले भन्नुभयो । भर्मोन्टका सिनेटर स्यान्डर्सले डेमोक्र्याटिक लेबलबिना नै नयाँ स्वतन्त्र उम्मेदवारलाई राष्ट्रपतिको उम्मेदवार बन्न प्रोत्साहित गर्ने विश्वास गर्नुभयो । सन् २०२८ मा हुने राष्ट्रपतीय चुनावमा भाग लिने स्यान्डर्सको कुनै महत्वाकाङ्क्षा छैन, तर उहाँले उदीयमान प्रगतिशील अलेक्जेन्ड्रिया ओकासियो-कोर्टेजलाई आफ्नो पक्षमा पार्नुभएको छ ।

“तपाईंको जाति, धर्म, लिङ्ग, पहिचान वा स्थिति जस्तोसुकै भएपनि, तपाईं केही कुरामा मसँग असहमत हुनुहुन्छ भने पनि मलाई आशा छ यो आन्दोलन पक्षपातपूर्ण लेबल वा शुद्धता परीक्षणको बारेमा होइन, तर यो वर्ग एकताको बारेमा हो,” ३५ वर्षीया सिनेटर कोर्टेजले शनिबार सभामा भन्नुभयो । पूर्व रिपब्लिकन समर्थक लेस्ली हेन्डरसनले एएफपीसँग भन्नुभयो, “उहाँ राष्ट्रपतिपदका लागि राम्रो उम्मेदवार बन्नुहुनेछ ।”

जनवरीदेखिको यो वातावरणले निराश भएकी ५२ वर्षीया नर्सिङ असिस्टेन्ट हेन्डरसन आफ्नो पतिसँग आफ्नो जीवनको पहिलो राजनीतिक ्र्यालीमा सहभागी हुनुभएको थियो । “मलाई आशा छ कि यो धेरै ढिलो हुने छैन”, उहाँले भन्नुभयो, “ट्रम्पले असंवैधानिक तेस्रो कार्यकालको शासन गर्ने कुराबाट अमेरिकीहरू आत्तिएका छन्।”“यदि अहिले कोही पनि उठेर केही भनेन भने मध्यावधि वा अर्को राष्ट्रपतीय चुनाव पनि हुन सक्छ। यो सोच्न हामीलाई के बाध्य पारिएको छैन?”

# टी २० आई प्रतियोगिताको फाइनल खेल जित्नै लागेको नेपालले यसरी गुमायो उपाधि




बीबीसी

काठमाण्डु । बशिर अहमद नायक बन्दै नेपाललाई असोचनीय जित दिलाउन नजिक पुगेको अवस्थामा उनी आउट हुन पुगेपछि नेपाल चारदेशीय टी-२० आई शृंखलाको उपाधि गुमाएको छाहङकङमा भएको प्रतियोगिताको फाइनलमा कुवेतविरुद्ध जित पाउन अन्तिम ४ बलमा ४ रन बनाउनुपर्ने अवस्थामा खेलमा एक्लै भिडिरहेका बशिर छक्का हानेर जित दिलाउन हतारिँदा क्याच आउट हुन पुगेका थिए।

त्यो नेपालको अन्तिम विकेट पनि थियो। जसले गर्दा कुवेतले दिएको १७५ रनको लक्ष्य पछ्याएको नेपाल १७१ रनमा अड्किन पुगेको थियो।कुवेतविरुद्ध बशिर ’वान म्यान आर्मी’ का रूपमा प्रस्तुत भए पनि बाँकी खेलाडीको प्रदर्शन निकै कमजोर हुनु नेपालको हारको कारण बन्यो। आइतवारको नेपालको इनिङ भनेकै बशिर र नन्दन यादवको साहसिक ब्याटिङ थियो।मुख्य खेलाडीहरू एकपछि अर्को हुँदै आउट भएपछि छैटौं नम्बरमा आएका बशिर एक्लै विपक्षी बलरमाथि हावी हुन पुगे।

नेपालले आशा गुमाइसकेको अवस्थामा उनले एकपछि अर्को रन जोड्न थाले भने आठौं नम्बरमा आएका नन्दन यादवले उनलाई मज्जाले साथ दिए।उनले ४३ बल खेलेर ८० रन बनाए। सो क्रममा उनले ८ छक्का र ४ चौका प्रहार गरेका थिए। नन्दनले भने १४ बलमा ३७ रन जोडे जसमा २ छक्का र ४ चौका थियो।यी दुईले नेपाललाई जिततिर डोऱ्याइरहेका बेला नन्दन १८.४ ओभरमा आउट हुन पुगे। अन्तिम ओभरमा नेपालले ६ बलमा ११ रन बनाउनुपर्ने थियो। बशिरले पहिलो बलमा नो बलमा छक्का प्रहार गरेपछि ५ बलमा ४ रन बनाउनुपर्ने स्थिति बन्यो।

दोस्रो बल डट भयो र तेस्रो बलमा छक्का हुने धुनमा उनी आउट हुन पुग्यो। नेपालको इनिङ समाप्त भयो। दीपेन्द्र सिंह ऐरी, कुशल मल्लजस्ता खेलाडीले एक रन पनि जोड्न नसकेपछि नेपालको शुरूआत खराब भएको थियो । हङकङस्थित मिसन रोड ग्राउण्डमा आइतवार भएको फाइनलमा कुवेतले पहिलो ब्याटिङ गर्दै सात विकेटको क्षतिमा १७४ रनको चुनौतीपूर्ण स्कोर बनाएको थियो।

कुवेतका ओपनर रभिजा सान्दारुवानले ६३ रनको शानदार पारी खेले। पावर प्लेमा नै महत्त्वपूर्ण चार विकेट झरेपछि नेपाली टोली नाजुक अवस्थामा पुगिसकेको थियो । त्यति बेला ओपनर कुशल भुर्तेलले ३ रन तथा आशिफ शेखले २१ रन बनाउन सकेका थिए भने ऐरी र मल्लले खाता नै खोल्न सकेनन् । यद्यपि यो स्थितिबाट खेल उकास्ने भूमिका भने फेरि पनि हुन सकेन। कप्तान रोहित पौडेल ७ रन, गुलशन झा ९ रन, करण केसी ४ रनमा समेटिए। चार रन बनाएको अवस्थामा सोमपाल कामी पनि रन आउटको शिकार हुन पुगे ।

# इरान र संयुक्त राज्य अमेरिकाबीचको आणविक वार्ता अघि बढ्ने सङ्केत

एएफपी

मस्कट । ओमानको मध्यस्थतामा इरान र संयुक्त राज्य अमेरिकाबीच शनिबार अप्रत्यक्षरूपमा भएको वार्ताले आगामी थप वार्ताका लागि वातावरण बनेको वार्तामा संलग्न दुवै पक्षले बताएका छन् ।

ओमानको राजधानी मस्कटमा दुई देशका प्रतिनिधिमण्डलबीच मध्यस्थ ओमानी कुटनीतिज्ञको सहयोगमा अप्रत्यक्ष वार्ता भएको थियो ।इरानको आणविक कार्यक्रमलाई लिएर सन् २०१८ यता दुई देशबीच भएको यो उच्चस्तरीय बैठक हो । दुवै देशले पहिलो र सम्मानजनक वातावरणमा भएको थियो, किनकि वार्तामा एक अर्कालाई अपमानित गर्ने खालको कुनै अनुचित भाषा प्रयोग गरिएको थिएन,” अब्बास अराघचीले वार्तापछि इरानी सरकारी टिभीसँग भन्नुभयो ।

ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “वार्ता निकै सकारात्मक र रचनात्मक रहेको छ ।”इरानको विदेश मन्त्रालयले संयुक्त राज्य अमेरिकासँग आणविक वार्ता ‘अर्को हप्ता’ पनि जारी राख्ने बताएको छ ।अमेरिका र इरानबीच मस्कटमा शनिबार भएको वार्ताको मध्यस्थता गरेका ओमानका उच्च कूटनीतिज्ञले



चरणको बैठकलाई ‘रचनात्मक’ भनेका छन् । अर्को साता दोस्रो चरणको छलफल हुनेछ।अमेरिकीप्रतिनिधिमण्डलको नेतृत्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ ह्विटकोफले गरेका थिए । इरानी प्रतिनिधिमण्डलको नेतृत्व इरानी विदेशमन्त्री अब्बास अराघचीले गरेका थिए ।

ओमानका विदेशमन्त्री बद्र बिन हमाद अल बुसैदीमार्फत दुवै देशका प्रतिनिधिलाई सन्देश पठाइएको थियो ।यद्यपि, बुसाईदीको उपस्थितिमा अराघची र विटकोफले केही मिनेट प्रत्यक्ष कुराकानी पनि भएको थियो । “मेरो विचारमा, पहिलो बैठकको रूपमा, यो एक रचनात्मक बैठक थियो जुन धेरै शान्तिपूर्ण ती वार्ताहरू ‘मैत्रीपूर्ण वातावरण’ मा सम्पन्न भएको र ‘निष्पक्ष र बाध्यकारी सम्झौता’ को खोजी सुरु गरेको बताउनुभएको छ ।

“मस्कटमा शनिबार हामीले इरानी विदेशमन्त्री डा सैयद अब्बास अराघची र अमेरिकी राष्ट्रपतिका दूत स्टिभ विटकोफलाई स्वागत गर्यौं र निष्पक्ष र बाध्यकारी सम्झौता सम्पन्न गर्ने साझा उद्देश्यका साथ वार्ता र वार्ताको अन्य प्रक्रिया सुरु गर्न मध्यस्थता गर्यौं। मैत्रीपूर्ण वातावरणमा भएको यो सम्बन्धका लागि म मेरा दुई सहकर्मीलाई धन्यवाद दिन चाहन्छु,” विदेशमन्त्री बद्र अल्बुसैदीले एक्समा पोस्ट गरेको विज्ञप्तिमा उल्लेख गर्नुभएको छ ।

# कपाल झर्ने समस्या रोक्नका लागि केही ’प्रभावकारी’ उपाय यस्ता छन्

बीबीसी

काठमाण्डु । कपाल झर्ने समस्या जसलाई पनि हुन सक्छ, चाहेती जुनसुकै लिङ्ग, उमेर समूह र जातजातिका होऊन्।आनुवंशिक, चिकित्सकीय अवस्था, बुढ्यौली अथवा जीवनशैलीलगायत कैयौँ कारणले कपाल झर्न सुरु हुन सक्छ।

कपाल झर्ने कारण खोतल्न र त्यसका समाधानबारे बुझ्न हामीले यूकेमा रहेकी एक केशविशेषज्ञ एनिटान एगिडीसँग कुराकानी गरेका छौं। उनले थरीथरीका मानिसहरूलाई हेर्दै आएकी छन्, तीमध्ये खास गरी अफ्रिकी मूलका मानिसहरूको जस्तो कपाल हुने महिला छन्। “कपाल झर्ने समस्या नहुने कोही पनि हुँदैनन्। यहाँसम्म कि मेरै कपाल धेरै बाक्लो थियो, तर अहिले कपाल झर्ने समस्या भइरहेको छ,“ उनले भनिन्। अमेरिकी जर्नल ’डर्माटोलजिक सर्जरी’का अनुसार १८-२९ उमेरका १६ प्रतिशतभन्दा बढी पुरुषले कपाल झर्ने समस्या झेल्ने गरेका छन्।

त्यो बढेर ३०-३९ उमेरका ३० प्रतिशत पुरुषमा त्यो समस्या देखिन्छ भने ४०-४९ उमेरका करिब आधाजति पुरुषले कपाल झर्ने समस्या झेल्छन्। चिकित्सकहरूले भन्ने गरेको ’एलपीशा’ अर्थात् कपाल झर्ने समस्या पुरुषमा हुँदा बढी चर्चा हुने गर्छ, तर महिलाहरूमा पनि कपाल झर्ने समस्या सामान्य नै हुन्छ।

हार्वर्ड मेडिकल स्कूलका अनुसार जिन्दगीको कुनै न कुनै बिन्दुमा एक तिहाइ महिलाहरूले पनि कपाल झर्ने समस्या भोग्छन्। छालारोग विशेषज्ञ डा. आँचल पन्थका अनुसार कपाल झर्ने समस्यालाई रोक्न सबैभन्दा पहिला कुनै व्यावसायिक व्यक्तिलाई देखाउनुपर्छ किनकि उनीहरूका सुझावअनुसार तपाईं आफ्नो दैनिक जीवनमा थुप्रै परिवर्तन ल्याउन सक्नुहुन्छ।“कपालको वृद्धिका लागि उच्च प्रोटीनयुक्त खानेकुरा महत्त्वपूर्ण हुन्छ,“ उनी भन्छिन् ।

“यदि तपाईंमा कुनै प्रकारको पोषणको कमी छ भने सबैभन्दा पहिला त्यसको उपचार गर्नुपर्ने हुन्छ।“



कपाल झर्ने समस्या देखिनासाथ धेरै मानिसले मिनक्सिडिलजस्ता रसायन भएका ’टपिकल क्रीम’हरू अथवा क्याफीनमा आधारित उत्पादनहरू प्रयोग गर्न थाल्छन्। मिनक्सिडिल सामान्यतया तरल अथवा फिँजको स्वरूपमा प्रयोग हुन्छ। त्यसले कपालका जराहरूमा रगतको प्रवाह बढाउने गरेको पाइन्छ, जसले केश बढ्नमा मद्दत पुऱ्याउँछ। यसले कपाल पातलिने समस्या कम गर्न मद्दत गर्न सक्ने भए पनि त्यसले नयाँ कपाल नउमार्ने डा. पन्थ बताउँछिन्।

खास गरी पुरुषहरूको हकमा कपाल झर्नबाट रोक्नका लागि कीटोकोनजोलको प्रयोग गरिन्छ।विज्ञहरूका अनुसार चायाको उपचारका लागि पनि त्यो राम्रो विधि हो किनकि चायाका कारण हुने सुजनले कपाल झर्ने समस्यालाई अझै नराम्रो बनाउन सक्छ।मिनक्सिडिलभन्दा फरक कीटोकोनजोल ’एन्टिफङ्गल’ औषधि हो, जुन खास गरी तालुमा हुने ’फङ्गल इन्फेक्शन’ अर्थात् एक प्रकारको ढुसीको उपचारमा प्रयोग गरिन्छ।कतिपय अध्ययनहरूका अनुसार कपाल झर्ने समस्यासँग सम्बन्ध भएको डीएचटी होर्मोनको स्तर पनि यसले घटाउन सक्छ।

“धेरै मानिस कपाल झर्ने समस्या उपचार गराउन सकिने, कपाल उम्रिन सक्ने र केही गर्नुपर्दैन भनी ठान्छन्, जुन कुरा होइन। कपाल झर्नबाट रोक्नु भनेको जीवनभरि गरिएको एउटा प्रतिबद्धता हो,“ डा. पन्थ भन्छिन्। कपाल झर्ने समस्या समाधानका लागि कपालका किसिमबारे जानकारी महत्त्वपूर्ण हुन्छ।

अफ्रिकन कपालबारे विशेषज्ञता हासिल गरेकी विज्ञ एगिडीका अनुसार ’टाइट’, ’हेबी ब्रेड्स’ र ’हीट’ जस्ता हेअरस्टाइलले चाँडै कपाल झर्नुमा भूमिका खेल्न सक्छ।“हेअरस्टाइलबारे बुझ्नु महत्त्वपूर्ण हुन्छ। आफ्नो कपालसँग रमाउनुहोस्, तर जब भारी र कसिलो ’हेअरस्टाइल’ बनाउनुहुन्छ, त्यसले फोलिकलहरूमा धेरै दबाव सिर्जना गर्न सक्छ भन्ने कुरा बुझ्नुपर्छ,“ उनी भन्छिन्।

कपाल बढ्नुमा फोलिकलहरूको भूमिका हुन्छ। तर तिनले तालुका घाउ निको पार्ने र छाला पुनः उत्पादन गर्ने काम पनि गर्छन्।“अत्यधिक हेअरस्टाइलिङका कारण ट्र्याक्शन एलपीशा र फ्रन्टल फाइब्रोसिङ एलपीशा भनिने कपाल झर्ने अर्को अवस्था झेलिरहेका केही सेवाग्राही पनि मैले देखेकी छु।“ कपाल झर्ने समस्यालाई अझ बल्झाउन सक्ने भनेका धूमपान, मदिरापान, तनाव र निद्राको कमी हुन्।

डा. पन्थका अनुसार धूमपानले ’भेजोकन्स्ट्रिक्शन’ नामक अवस्था निम्त्याउँछ, जसले तपाईंका अङ्गहरूमा रगतको प्रवाह घटाउँछ र यो समस्या तालुमा पनि हुन सक्छ। नियमित रूपमा तालु सफा नगर्दा पनि कपाल झर्ने समस्या निम्तिन सक्छ-कपाल ननुहाएर जीउ नुहाएको बेला पनि कपाल झरिरहेको तपाईंले देखेको हुन सक्छ।“यदि तपाईंको तालु चिल्लो खालको छ भने हरेक दिन अथवा एक दिन बिराएर कपाल नुहाउँदा जाती हुन्छ,“ डा. पन्थ सुझाउँछिन् ।

# दक्षिण कोरियाका पूर्व राष्ट्रपति युनविरूद्ध विद्रोहको मुद्दा

एएफपी

सियोल । दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक योलले गत डिसेम्बरमा अल्पकालीन सैनिक शासन लागू गरेको अभियोगमा उहाँविरूद्ध सोमबार फौजदारी मुद्दा दायर गरिने भएको छ ।

उहाँले डिसेम्बर ३ मा राजनीतिक गतिविधि र मिडियाको सेन्सरसिप स्थगन गर्न आदेश दिएपछि देशमा सैन्य शासन लागू गर्ने प्रयास गर्नुभएको थियो ।

विपक्षी सांसदहरूले मतदान गरेपछि उक्त आदेश छ घण्टामात्र चलेको थियो। यस विनाशकारी प्रयासका लागि दक्षिण कोरियाली संसद् (नेशनल एसेम्ब्ली)ले युनलाई महाभियोग लगाएको थियो भने महाभियोगको प्रस्ताव दर्ता भएपछि उहाँ निलम्बनमा पर्नुभएको थियो । संवैधानिक अदालतले अप्रिल ४ मा उहाँलाई राष्ट्रपतिको जिम्मेवारीबाट पूर्ण रूपमा हटाउने आदेश सुनाएको थियो ।


यद्यपि उहाँले राष्ट्रपतिको सबै विशेषाधिकार गुमाइसक्नुभएको छ । अझै पनि विद्रोहको अभियोगमा उहाँविरूद्ध सोमबार आपराधिक मुद्दा दायर गर्ने तयारी गरिएको छ । फेब्रुअरीमा भएको प्रारम्भिक सुनुवाइका क्रममा युनका वकिलले उहाँको हिरासत प्रक्रियागत रूपमा त्रुटिपूर्ण भएको तर्क गरेका थिए, जुन तर्कलाई अदालतले स्वीकार गरेको थियो । हिरासत प्रक्रियागत रूपमा त्रुटिपूर्ण भएको तर्कका आधा।मा उहाँ पक्राउ परेको ५२ दिनपछि रिहा हुनुभएको थियो ।

हप्तौँसम्म प्रहरी र अभियोजनकर्ताविरुद्ध आवाज उठाएपछि जनवरीमा उहाँलाई पक्राउ गरिएको थियो । उहाँ राष्ट्रपति रहेकै समय पक्राउ पर्ने पहिलो दक्षिण कोरियाली राष्ट्रपति बन्नुभएको थियो ।

दोषी ठहरिएमा युनलाई आजीवन कारावास वा मृत्युदण्डसमेत हुन सक्छ । शुक्रबार ६४ वर्षीय पूर्व नेताले राष्ट्रपति निवास खाली गरी सियोलस्थित आफ्नो निजी निवासमा पुगी आफ्ना समर्थकलाई अअभिनन्दन गर्नुभएको थियो ।

“अब, म गणतन्त्र कोरियाको एक साधारण नागरिकमा फर्कन्छु, र म हाम्रो देश र हाम्रा जनताको सेवामा नयाँ बाटो खोज्नेछु,” उहाँले सामाजिक सञ्जालमा जारी एक विज्ञप्तिमा भन्नुभएको छ ।

# चीनमा ३० घण्टा निरन्तर उडान गरी हाइड्रोजन ड्रोनको नयाँ कीर्तिमान



चीनले स्वदेशमै विकास गरेको हाइड्रोजन इन्धनमा चल्ने ड्रोनले ३० घण्टा लगातार उडान भरेर नयाँ कीर्तिमान कायम गरेको छ । यो जानकारी चीनको हवाइ उद्योग निगम (एभीआईसी) ले दिएको हो ।

झण्डै ५० किलो तौल वर्गको यो ड्रोन एभीआईसी अन्तर्गतको चेङ्दु एअरक्राफ्ट उद्योग समूह र चिनियाँ प्रतिष्ठित छिङह्वा विश्वविद्यालयले संयुक्त रूपमा विकास गरेका हुन् ।

हाइड्रोजनको विशेष ऊर्जात्मक गुणलाई ध्यानमा राखी यस ड्रोनले प्राविधिकरूपमा ठूलो उपलब्धि हासिल गरेको विकासकर्ताहरूले बताएका छन् ।

यो कीर्तिमानी उडान चीनको दक्षिण-पश्चिम सिचुवान प्रान्तको दुज्याङ्यान क्षेत्रमा गरिएको थियो ।

ड्रोनलाई उडाउनको लागि चालकविहीन सवारीसाधनको छतमा राखेर चलाइएको थियो । सवारी साधन गतिमा रहँदा त्यसैको माथिबाट ड्रोन सफलतापूर्वक उडाइएको थियो ।

उडानको क्रममा ड्रोनले आफ्नो बोर्डमा रहेको प्रविधिमार्फत जमिनबाट टाढा रहेर पनि स्थायी रूपमा निगरानी गर्न सक्ने क्षमता देखाएको थियो । यसले हाइड्रोजन ड्रोनको प्रयोग अत्यन्त सम्भावनायुक्त रहेको देखाएको छ ।

# लुम्बिनीमा चैत्र पूर्णिमा मेला पाँच दिनसम्म मनाइँदै



लुम्बिनी । धार्मिक तथा सांस्कृतिक सम्पदास्थल लुम्बिनीमा चैत्र पूर्णिमा मेला पाँच दिनसम्म मनाइँदैछ । रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका-३ स्थित बुद्धजन्मस्थलमा परम्परागत चैत्र पूर्णिमा महोत्सव एवं रुमिन्देइमाई मेला यही चैत २९ गते शुक्रबारदेखि सुरु भएको हो । यो मेला वैशाख २ गतेसम्म जारी रहने छ ।

बर्सेनि लाग्ने यो महोत्सव तथा मेला बुद्ध धर्मावलम्बीका लागि मात्र नभई विभिन्न धर्म एवं समुदायलाई समेत आकर्षित गर्ने एक विशेष अवसर पनि हो । यस मेलाले श्रद्धा, सांस्कृतिक विविधता र आध्यात्मिक ऊर्जाको सङ्गमका रूपमा काम गर्ने गरेको बौद्ध भिक्षु विवेकानन्द पाण्डेले बताउनुभयो ।

इसापूर्व ६२३ मा लुम्बिनीस्थित बगैँचामा माता मायादेवीको कोखबाट सिद्धार्थ गौतम (बुद्ध)को जन्म भएको विश्वास गरिन्छ । बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको सम्झनामा मनाइने यो विशेष दिन हो । यो अवसरमा स्थानीय हिन्दू र बौद्ध धर्मावलम्बी विशेष पूजा, ध्यान र दान-धर्मका कार्यमा समर्पित देखिन्छन् ।

मेलामा विशेष किसिमको धार्मिक तथा सांस्कृतिक नृत्य हुनुका साथै कथा सुन्ने, कडाही चढाउने र अन्य धार्मिक अनुष्ठान गर्ने गरिन्छ । मेलामा स्वास्थ्य शिविर र पिउने पानीको व्यवस्था पनि छ । बौद्ध भिक्षु धम्म सिद्धीले लुम्बिनीमा चैत्र पूर्णिमा मेलाको अनुभवलाई अत्यन्त धार्मिक, शान्त तथा प्रेरणादायक बताउनुभयो ।

सो अवसरमा विशेषगरी मायादेवी मन्दिर क्षेत्रमा भक्तजनको भीड देखिन्छ । स्थानीयले यो मन्दिरलाई समयमाई वा रूमिन्देइमाई स्थानको रूपमा पुज्ने गर्छन् । "विशेष भव्यता र व्यवस्थापनका साथ अहिले पाँच दिनसम्म मनाइने यो मेला पहिला १५ दिनसम्म मनाइन्थ्यो", पर्यटन व्यवसायी हुसेनी लोधले भन्नुभयो ।

अभियानकर्ता मेघनाथ आचार्यका अनुसार यो मेलाले पर्यटनमा केही सुधार ल्याएको छ । यातायात र हस्तकला बिक्रीमा वृद्धि भएको छ । वैशाख पूर्णिमाका अवसरमा लुम्बिनी विकास कोषले लाखौँ खर्च गरेर मनाउने बुद्धजयन्ती तथा लुम्बिनी महोत्सवभन्दा स्वःस्फुर्त लाग्ने यो मेलामा बढी धार्मिकता र रौनकता देखिन्छ ।

यद्यपि लुम्बिनीमा भीड व्यवस्थापन, पार्किङ समस्या, शौचालय, खानेपानीको र धुलाम्मे मेलास्थलमा परिवर्तन देखिएको छैन । तर पनि रुमिन्देइमाई र बुद्धजन्मस्थलप्रति स्थानीयको श्रद्धा र लगाव कायमै देखिन्छ । इलाका प्रहरी कार्यालय लुम्बिनीका प्रमुख तथा प्रहरी निरीक्षक दीपक मगराठीका अनुसार मेलास्थलमा शान्ति सुरक्षाको प्रबन्ध पर्याप्त छ ।

लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरामुद्दीन खानले भन्नुभयो, "चैत्र पूर्णिमा महोत्सव लुम्बिनीको अन्तरराष्ट्रिय पहिचान बलियो बनाउने अवसरमात्र नभई धार्मिक आस्था, सांस्कृतिक ऊर्जा र पर्यटनको समुचित मिश्रण पनि हो ।" उहाँले भविष्यमा अझ प्रभावकारी व्यवस्थापन र स्मार्ट मेला प्रणाली लागू गरेर अझ सभ्य बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"लुम्बिनीको चैत्र पूर्णिमा मेला बौद्धकालीन मानिन्छ । यो केवल धार्मिक उत्सव मात्र होइन, सांस्कृतिक विविधता, मानवताबीचको एकता र सद्भावको प्रतीक पनि हो । यसले न केवल स्थानीय समुदायलाई एकत्रित गर्छ, अपितु विश्वभरका बौद्धमार्गीलाई पनि नयाँ ऊर्जा र उत्साह प्रदान गर्दछ", लुम्बिनी विकास कोषका कोषाध्यक्ष शिद्धीचरण भट्टराईले भन्नुभयो, "यसलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन सबै पक्षले मिलेर काम गर्न अत्यावश्यक छ ।"रासस

# वर्षान्त २०८१: होटलमा लगानी ओइरिएको वर्ष

काठमाण्डु । गत माघमा काठमाडौँको सुकेधारामा पाँचतारे होटल 'मर्क्योर काठमाडौँ' सञ्चालनमा आयो । पर्यटन व्यवसायी देशबन्धु बस्नेतले रु तीन अर्ब लगानीमा सञ्चालनमा ल्याएको होटलको व्यवस्थापन फ्रान्सेली होटल व्यवस्थापन कम्पनी एकोर ग्रुपले गरिरहेको छ ।

त्यसअघि गत साउनमा काठमाडौँकै नक्सालमा पाँचतारे होटल ' हिल्टन काठमाडौँ' सञ्चालनमा आयो । शङ्कर ग्रुपले रु आठ अर्ब ३५ करोडको लागतमा उक्त होटल सञ्चालनमा ल्याएको हो ।

साथै यही चैतको अन्तिमतिर पोखराको लेकसाइडमा टेम्पल बेल बुटिक होटल एन्ड स्पा प्रालि सञ्चालनमा आयो । पर्यटन व्यवसायी विश्वराज पौडेल नेतृत्वको चिल्ली ग्रुपले रु एक अर्ब २५ करोड लगानीमा सञ्चालन भएको हो ।



साथै पछिल्लो समय सिद्धार्थ हस्पिटालिटीले पनि चेन होटलका रुपमा आक्रामक व्यापार विस्तार गरिरहेको छ । यस वर्ष सिद्धार्थ हस्पिटालिबटीको व्यवस्थापनमा तनहुँको दमौलीमा तीनतारे स्तरको 'सिद्धार्थ होटल दमौली' सञ्चालनमा आएको छ । सिद्धार्थले केही समयअघि बुटवलमा सिद्धार्थ कटेज सञ्चालनमा ल्याएको थियो भने धनगढीमा पाँचतारे होटल निर्माण सुरु गरेको छ । सिद्धार्थले व्यवसाय विस्तारलाई आक्रमक ढङ्गले विस्तार गर्दै लगेको र छिट्टै अन्य स्थानमा पनि होटल स्थापना गर्नेगरी काम भइरहेको जनाएको छ । त्यसैगरी नयाँ वर्षको सुरुआत अर्थात् वैशाख १ गतेदेखि भरतपुरमा सेन्ट्रल प्लाम होटल र साराङ वाइल्डलाइफ स्याङ्चुरी मेगौलीमार्फत पनि सेवा विस्तार गर्दैछ ।

सङ्घीय राजधानी काठमाडौँमा मात्र होइन देशका विभिन्न सहरमा पाँचतारेदेखि पर्यटकस्तरीय होटल सञ्चालनमा आउने क्रम यस वर्ष पनि जारी रह्यो । त्यसमा पनि विदेशी चेन होटलका साथै स्वदेशी कम्पनीहरूले पनि होटल व्यवसाय विस्तारलाई निरन्तरता दिएका छन् ।

साथै गत पुसमा गुण समूहले रु ६ अर्ब लगानीमा होटल रोयल टुलिप सञ्चालनमा ल्याएको छ भने गत माघमा गौशाला पिंगलास्थानमा रु एक अर्ब ५० करोड लगानीमा चार तारे स्तरको होटल वेस्ट वेस्टर्न प्लस काठमाडौँ सञ्चालनमा आइसकेको छ । त्यसैगरी शेष घलेको निर्माणाधीन होटल यस वर्ष पनि सञ्चालनमा आउन सकेन । हाल उक्त होटलको लगानी रु १२ अर्ब पुगिसकेको जानकारहरु बताउँछन् ।

होटल सङ्घ नेपाल (हान)का अनुसार पछिल्ला केही वर्षयता होटलमा लगानी ओइरिएको छ, जुन वर्ष २०८१ मा पनि जारी रह्यो । हानका अनुसार हाल वार्षिक ३५ लाख पर्यटक धान्न सक्नेगरी होटल निर्माण भइसकेका छन् ।

होटलमा खर्बौं रुपैयाँ लगानी भए पनि त्यसको अपेक्षित प्रतिफल भने प्राप्त नभएको व्यवसायीहरूको गुनासो छ । हानका अध्यक्ष विनायक शाहले खर्बौं लगानी रहेको होटलमा ३५ लाख पर्यटक धान्ने पूर्वाधार भए पनि जम्मा एकतिहाइ मात्र उपयोग भएको बताउनुहुन्छ । "होटलहरू बनिरहेका छन्, तर अपेक्षाकृत लाभ भने लिन सकिएको छैन", उहाँले भन्नुभयो ।

उहाँका अनुसार लगानीका हिसाबले राम्रो वर्ष भए पनि प्रतिफल भने कम आएको बताउनुहुन्छ । "एकातिर एकपछि अर्को गर्दै अन्तरराष्ट्रिय चेन होटल आउने क्रम जारी छ, विश्वप्रसिद्ध चेन होटल आउँदा नेपालबारे अन्तरराष्ट्रिय जगत्मा सकारात्मक सन्देश प्रवाह हुन्छ", उहाँले भन्नुभयो ।

**थपिँदै अन्तरराष्ट्रिय चेन होटल**

होटल सङ्घका अनुसार यो वर्ष मात्र झन्डै एक दर्जन पाँचतारे र चेन होटल सञ्चालनमा आए । अझै आधा दर्जन पाइप लाइनमा छन् ।

पछिल्लो एक दशकमा मेरियट, लेमनट्री, रमादा, दूसित थानी, सिन्तामणि, प्रिन्सिस, अलफ्ट, ह्यात प्यालेसलगायत चेन होटल सञ्चालनमा आएका छन् । काठमाडौँ, पोखरा, लुम्बिनी, विराटनगर, बुटबल, भैरहवा, नेपालगन्जलगायत क्षेत्रमा धमाधम तारे होटल बनिरहेका छन् ।

सरकारले हालै नयाँ कानुन ल्याएर होटल उद्योगलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगका रूपमा मान्यता दिएको छ । यसबाट होटल उद्योगमा लगानी गरेका व्यवसायी उत्साहित भएका छन् । सङ्घका अध्यक्ष शाहले भविष्यमा विदेशी पर्यटक बढ्ने र होटलको 'अकुपेन्सी' बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारले हालै ल्याएको ऐनमा होटल उद्योगलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगका रूपमा वर्गीकरण गरेको छ । यसले होटल व्यवसायीलाई उत्साहित बनाएको छ । पर्यटन व्यवसायीले लामो समयदेखि उठाएको विषय सरकारले सम्बोधन गरेको छ, यसले समग्र पर्यटन उद्योग र व्यवसायी उत्साहित भएका छन् ।"

पर्यटन विभागका अनुसार हालसम्म देशभर ३३७ पर्यटकस्तरीय होटल सञ्चालनमा छन् । हाल नेपालमा पाँचतारे होटल मात्र २३ वटा सञ्चालनमा छन् । तीनवटा पाँचतारे डिलक्स होटल छन् । देशभर ४१ वटा चारतारे होटल छन् । यस्तै डिलक्समा हेरिटेज (चार तारेस्तर) होटल चारवटा छन् भने ३७ वटा तीनतारे होटल सञ्चालनमा छन् । पचास वटाको हाराहारी दुई र एकतारे होटल छन् । साथै लज्जरी बुटिक र हेरिटेज, रिसोर्ट र साधारण रिसोर्ट गरी विभिन्न स्तरका होटल पनि सञ्चालनमा छन् । होटल व्यवसायी महासङ्घमा आबद्ध होटलको सङ्ख्या पनि उल्लेख्य छ ।

**आक्रामक अन्तरराष्ट्रिय बजारीकरण**

नेपाल पर्यटन बोर्डले होटललगायत पूर्वाधारमा लगानी बढेसँगै आफूहरूले पनि अन्तरराष्ट्रिय बजारीकरणलाई प्राथमिकताका साथ अगाडि बढाइएको जनाएको छ ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले बोर्डले आक्रमक रूपमा अन्तरराष्ट्रिय प्रवर्द्धन गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो चारदेखि पाँच महिनामा विदेशमा १७ वटा बि-टु-बी कार्यक्रम र नेपाल प्रवर्द्धनका कार्यक्रम गरेका छौँ, जसमा दुई सयभन्दा बढी नेपालका टूर अपरेटर, होटल व्यवसायी, एयरलाइन्सका प्रतिनिधि सहभागी भएर नेपाल गन्तव्यको प्रवर्द्धन गरेका छन् ।"

सिइओ जोशीका अनुसार नेपालका गन्तव्यहरूमा विदेशी 'इन्फ्लुएन्सर, मिडिया'लाई भ्रमण गराएर पर्यटन प्रवर्द्धन गरिएको छ ।

हालसम्म ११४ जनालाई भ्रमण गराइसकिएको छ । "नेपालमा विदेशी पर्यटक आगमन कोरोनापूर्वको अवस्थामा आइपुगेको छ, अन्तरराष्ट्रिय पर्यटन पनि ९५ प्रतिशत पुनरुत्थान भइसकेको छ, नेपालको सन्दर्भमा थप एयरलाइन्स थपिने र तीन अन्तरराष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालन भएको खण्डमा आगामी दिनमा पर्यटक बढ्ने पक्का छ", उहाँले भन्नुभयो ।

हवाई पूर्वाधार र सडक सञ्जाल राम्रो भएमा निर्धारित लक्ष्य भेट्टाउन सहज हुन्छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालित छ । तर, भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेका छैनन् ।

**नीतिगत डिपार्चरमा पर्यटन मन्त्रालय**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले एक वर्षमा उल्लेखनीय नीतिगत र संरचनागत सुधारका काम अगाडि बढाएको जनाएको छ । संस्कृति, पर्यटन र नागरिक उड्डयनसम्बन्धी ऐन, कानुन निर्माणलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ । नागरिक उड्डयन प्राधिकरण विधेयक सङ्घीय संसद्मा दर्ता भएको छ । यो पास भयो भने युरोपेली सङ्घ (इयु)को सुरक्षा सूचीबाट नेपाललाई हटाउन मद्दत पुग्ने विश्वास लिइएको छ ।

कानुन निर्माण प्रक्रियालाई तीव्रताका साथ अगाडि बढाइएको पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले बताउनुभयो । उहाँका अनुसार हवाई नीतिको मस्यौदा तयार गरिएको छ ।

हवाई दुर्घटना जाँच आयोग गठनको मस्यौदा तयार भएको छ । पर्यटन ऐनको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा छलफलमा रहेको र छिट्टै संसद्मा पेस गरिने छ । पर्यटन नीति, संस्कृति नीति र हवाई नीति संसद्मा लैजाने प्रक्रियामा रहेको मन्त्री पाण्डेले जानकारी दिनुभयो ।

पर्यटन बोर्ड र नेपाल एयरलाइन्सलाई सक्रिय बनाउनेगरी केही कदम चालिएको मन्त्री पाण्डेले बताउनुभयो । भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि कार्ययोजना बनाएर काम अगाडि बढाइएको उहाँको भनाइ छ । वायुसेवा निगमको व्यवस्थापन सुधारका लागि विभिन्न उपायहरूको खोजी भइरहेको पनि उहाँले जानकारी दिनुभयो । विमानको सङ्ख्या नथपी निगमलाई फाइदामा लैजान नसकिने उल्लेख गर्दै उहाँले सँगै व्यवस्थापन सुधारका लागि उपायको खोजी भइरहेको जानकारी दिनुभयो ।

**पर्यटन क्षेत्रका उपलब्धि**

वर्ष २०८१ मा पर्यटन क्षेत्रमा नीतिगत र संरचनागत सुधारका लागि सकारात्मक प्रयास भएका छन् । वायुसेवा निगमको संरचनागत सुधारका लागि काम थालिएको छ । विमान थपेर सेवालाई प्रभावकारी बनाउन पहल भइरहेको छ । क्षेत्रीय हब विमानस्थल स्तरोन्नति र आधुनिक टर्मिनल भवनको काम भइरहेको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल (टीआइए) को क्षमता अभिवृद्धिको काम धमाधम भइरहेको छ । यसै वर्ष दैनिक १० घण्टा उडान बन्द गरेर करिब पाँच महिना विमानस्थलको स्तरोन्नति गरिएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले रु १५ अर्ब खर्चिएर विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेशनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको ' ह्याङ्गर एप्रोन'लगायत विस्तार गरिरहेको छ । हालसम्म करिब ९५ प्रतिशत काम सम्पन्न भएको आयोजनाले जनाएको छ । संकृतिको संरक्षण तथा प्रवर्द्धन, समग्र पर्यटन क्षेत्रको दिगो विकास तथा नागरिक उड्डयन क्षेत्रको उन्नयनमा मन्त्रालयले प्रभावकारी रूपमा काम गरिरहेको दाबी गरेको छ ।

**पूर्वाधार निर्माणमा तीव्रता**

सुदूरपश्चिम प्रदेशको खप्तड र कर्णाली प्रदेशको रारामा पर्यटक प्रहरीको एकाइ विस्तार गरिएको छ । प्रत्येक प्रदेशमा एउटा हिल स्टेशन निर्माण गर्ने उद्देश्यले चारवटा प्रदेशका एक-एक स्थान छनोट गरी विस्तृत परियोजना निर्माण सुरु गरिएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ ।

राजविराज विमानस्थलमा रात्रिकालीन अवतरण क्षमतायुक्त बनाई सञ्चालनमा ल्याइएको छ । यससँगै १० वटा विमानस्थल रात्रिकालीन उडान सञ्चालन योग्य रहेको छ ।

कपिलवस्तुस्थित तिलौराकोटलाई विश्व सम्पदासूचीमा समावेश गर्न पुरातात्विकस्थल पहिचान भएको क्षेत्रको थप जमिन अधिग्रहण, युनेस्को इसिमोडको मिसनद्वारा स्थलगत अवलोकन लगायतका कार्यहरू गरिएको छ ।

नेपाल एसोसिएसन अफ टुर्स एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले समग्रमा वर्ष २०८१ आशा र निराशाको वर्ष भएको प्रतिक्रिया दिनुभयो । रासस

# यस्तो छ सागसब्जी र फलफूलको मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आइतबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।



गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु २५, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४२, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १२, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ३०, मूला रातो प्रतिकिलो रु ४५, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ४०, तने बोडीको मूल्य प्रतिकिलो रु ८० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ७०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ८०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ८०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ९०, तितो करेला प्रतिकिलो रु ६०, लौका प्रतिकिलो रु ५०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ९०, चिचिण्डो प्रतिकिलो रु ७०, घिरौला प्रतिकिलो रु ६०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ४०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ४०, सलगम प्रतिकेजी रु ७०, भिण्डी प्रतिकिलो रु ६० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ६०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ६०, रायो साग प्रतिकिलो रु ८०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु १००, तोरी प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ९०, प्याज हरियो प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १००, च्याउ (कन्य) प्रतिकिलो रु १५०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ ।

निगुरो प्रतिकिलो रु ८०, ब्रोकाउली प्रतिकिलो रु ७०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, कोइरालो प्रतिकिलो रु २२०, रातो बन्दा प्रतिकिलो रु ८०, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकिलो रु ६५, सेलरी प्रतिकिलो रु २००, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ९०, पुदिना प्रतिकिलो रु ३५०, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २६०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु १००, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ४०, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १००, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकिलो रु २५०, किबी प्रतिकिलो रु ४५०, आभोकाडो प्रतिकिलो रु ६५० तथा अमला प्रतिकिलो रु १३० निर्धारण गरिएको छ ।

यसैगरी, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ६०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु १००, भेडे खुर्सानी प्रतिकिलो रु ६५, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु १८०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १४० र राजा च्याउ प्रतिकिलो रु ३००, सिताके च्याउ प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# असिनाले गहुँबाली र तरकारीमा क्षति

बैतडी । वर्षासँगै परेको असिनाले सुदूरपश्चिम प्रदेशमा बालीनाली र तरकारीमा क्षति पुगेको छ । शनिबार अपराह्न परेको असिनापानीले पाक्न लागेको गहुँबाली, तरकारी र बिरुवामा ठूलो क्षति गरेको किसानले बताएका छन् ।

जिल्लाको दोगडाकेदार, सिगास, सुर्नयागाउँपालिकार पाटननगरपालिकाका विभिन्न क्षेत्रमा असिनाले तरकारी, फलफूल र अन्नबालीमा क्षति पुर्याएको हो । बैतडीका साथै सुदूरपश्चिम प्रदेशका अन्य जिल्लामा पनि असिनापानीले अन्न र तरकारी बाली नष्ट गरेको जनाइएको छ । अन्नबाली भित्र्याउने समयमा परेको असिनाले पाक्नै लागेको गहुँबालीमा व्यापक क्षति पुर्याएको सिगास गाउँपालिका-९ का रामबहादुर चन्दले जानकारी दिनुभयो । असिनाले खेतबारी सेताम्मे भएका छन् । उहाँले भन्नुभयो, "गहुँ पाकेर भित्र्याउने तयारी भएको थियो, असिनापानीले सबै नष्ट गर्यो ।"दोगडाकेदार-६ सित्तडका दलबहादुर कार्कीले पनि असिनाले गहुँबालीका तरकारी नष्ट गरेको बताउनुभयो । फलफूल, आलु, प्याज, लसुन तथा खुर्सानी र बन्दा, काउली, टमाटरका बेर्नामा क्षति पुगेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पाक्न थालेको बालीनाली र तरकारी असिनापानीले सबै नष्ट पारेपछि उत्पादनमा कमी आउने देखिएको छ ।रासस

हार्दिक शुभकामना

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्य सम्पूर्ण देशवासी,नगरवासीमा सुख,शान्ति,सुस्वास्थ्य दिर्घायू एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

राम पल्टन साह
सचिव

प्रभाकर प्रसाद साह
उपसभापति

रामचन्द्र साह
सभापति

एवं
श्री धर्म संस्था परिवार

# डोजर लगाएर मुसहर परिवारको घर भत्काइयो



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजगढ गाउँपालिका-४ स्थित जमुवा टोलमा एक दलित मुसहर परिवारको घर स्थानीय जनप्रतिनिधिको निर्देशनमा भत्काएर सामुदायिक भवन निर्माण गरिने भएको छ । वडाध्यक्ष अशोककुमार साहले सामुदायिक भवन बनाउनका लागि भन्दै गत चैत २६ मा जवर्जस्ती डोजर लगाएर घर भत्काएको पीडित रञ्जनकुमारी सदाले जानकारी दिइन् ।

जमुवा टोलस्थित सार्वजनिक पोखरीको डिलमा बाबुबाजेकै पालादेखि बसोबास रहेकामा वडाध्यक्ष साहले आफूहरुको सहमतिबिना जबरजस्ती डोजर लगाई घर भत्काएपछि बिचल्लीमा परेको उनले बताइन् ।

'मेरो पति र ससुरा बुबा घरमा रहँदासम्म केही गरेनन्, चैत २२ गते रोजगारिका लागि उहाँहरू पञ्जाब जानुभयो । चार दिनपछि वडाध्यक्ष र उनले परिचालन गरेका व्यक्तिहरुले जबरजस्ती घर भत्काए,' रञ्जनकुमारीले भनिन्, 'घर नरहेपछि चार नाबालक छोरासहित छिमेकीको घरमा शरण लिएर बसेको छु ।'

जवर्जस्ती घर भत्काएपछि उनले चैत २९ गते न्यायको माग र दोषीलाई कारबाहीको गर्दै सप्तरीका प्रमुख जिल्ला अधिकारीलाई निवेदन दिएकी थिइन् । उनको निवेदनमा प्रजिअ भोला दाहालले सम्बन्धित पालिकासँग सवन्मय गरी छानबिनसहित आवश्यक सहजीकरण गर्न जिल्ला प्रहरी कार्यालय सप्तरीका नाममा तोकादेश गरेका थिए ।

राजगढ-४ का वडाध्यक्ष अशोककुमार साहले भने सामुदायिक भवन निर्माणका लागि सबैको सहमतिमा रञ्जनकुमारीको घर भत्काएको जिकिर गरे ।

सप्तरीका एसपी ढकेन्द्र खतिवडाले वडा कार्यालयले सार्वजनिक जग्गामा रहेको घर सामुदायिक भवन बनाउन भत्काएको जानकारी आएको बताएका छन् ।

राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले प्रदेश सरकारबाट सामुदायिक भवन बनाउन २५ लाख रुपैयाँ बजेट आएको र भवन बनाउन वडा कार्यालय जग्गाको खोजीमा रहेको बताए ।

# जनमतद्वारा प्रदेश सरकारविरुद्ध सडक प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले आफ्नै सरकारविरुद्ध सडक प्रदर्शन गरेको छ । जनकपुरधाममा आइतबार जनमत पार्टीका नेता तथा कार्यकर्ताहरुले जनकपुरधाम उपमहानगरको परिक्रमा गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि प्रदर्शन गरेका थिए ।

प्रदर्शनकारीहरूले भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवको विरोधमा निकालिएको प्रदर्शनको क्रममा 'भ्रष्टाचारविरुद्ध कडा कारबाही गर', 'योजना खरिद-बिक्री बन्द गर', 'जनकपुरधामको सार्वजनिक सम्पत्ति जोगाउ', 'धनुषा-३ मा विभेद बन्द गर' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेर मुख्यमन्त्री कार्यालयको घेराउ गरेका थिए । उनीहरूले बजेट वितरणमा विभेद, योजनामा पारदर्शिताको अभाव र भ्रष्टाचारविरुद्ध कडा कदम चाल्न माग गरे ।




जनमत पार्टीका नेता डा. प्रशन्नकुमार झाले जनकपुरधाममा सञ्चालित योजनाहरूको खरिद-बिक्री प्रक्रियामा गम्भीर अनियमितता भएको आरोप लगाए । उनले भौतिक पूर्वाधार विकासमन्त्री यादवले कमिसनका नाममा धनुषाको क्षेत्र नम्बर ३ मा विकास निर्माणको कुनै पनि योजना नदिएको आरोप लगाए ।

उनले धनुषा-३ मा योजनाबाट बञ्चित गरिएकाले त्यहाँ गम्भीर असन्तोष बढेको बताए । उनका अनुसार पुरक बजेटबाट समेत उक्त क्षेत्रमा कुनै योजना नल्याइएकाले समानताको सिद्धान्त उल्लंघन भएको हो । "विकास योजनामा भेदभाव गर्न मिल्दैन, सबै क्षेत्रलाई समान रूपमा हेर्नुपर्छ," उनले जोड दिए ।

प्रदर्शनकारीहरूले मुख्यमन्त्री सतीशकुमार सिंहलाई ७ बुँदे ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्रमा जनकपुरधामका धार्मिक, ऐतिहासिक तथा सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमणको अन्त्य, योजनामा पारदर्शिता, बजेटको न्यायोचित वितरण, भ्रष्टाचारमा संलग्न मन्त्रीहरूको राजीनामा र छानबिन आयोग गठनको माग गरेका छन् ।

# गृहमन्त्री लेखकको पुत्ला दहन

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय एकता अभियानले जनकपुरधाममा गृहमन्त्री रमेश लेखकको विरोधमा प्रदर्शन गर्दै पुतला दहन गरेको छ ।

जनकपुरधाममा आइतबार अभियानले वीरगंजमा हनुमान जन्मोत्सवको अवसरमा निकालिएको शोभायात्रामाथि एक समूहले ढुंगा प्रहार भएको घटनाको विरोध प्रदर्शन गरेको छ । राष्ट्रिय एकता अभियानको अगुवाइमा आयोजित विरोध प्रदर्शनमा सहभागीहरू आक्रोशित थिए ।

प्रदर्शनकारीहरूले घटनालाई धार्मिक सहिष्णुता र सामाजिक सद्भावमाथिको गम्भीर आक्रमणको रूपमा




व्याख्या गर्दै सरकारको भूमिकामाथि प्रश्न उठाएका थिए । गृहमन्त्री लेखकलाई निष्क्रिय ठहर गर्दै प्रदर्शनको क्रममा गृहमन्त्रीको पुतला दहनसमेत गरिएको थियो ।

अभियानका प्रतिनिधि दीपक साहले भने, "धार्मिक स्वतन्त्रतामाथि खुला आक्रमण हुँदा पनि सरकार अपराधीलाई संरक्षण गर्न तल्लीन छ ।"

प्रदर्शनमा सहभागीहरूले 'सर्वपक्षीय बैठकको नाटक बन्द गर', 'दोषीलाई तत्काल गिरफ्तार गर', 'धार्मिक हिंसा बन्द गर' लगायतका नारा लगाएका थिए । उनीहरूले शोभायात्रामाथिको आक्रमणलाई निन्दनीय भन्दै सुरक्षाको नाममा अपराधीलाई जोगाउने कार्य असह्य भएको बताए ।

# लागूऔषध गाँजासहित एक जना पक्राउ, तीन जना फरार

**सञ्जय मिश्र**

बारा । बाराको जितपुर सिमरा स्थित प्रहरी गस्ती टोलीले ६२ किलो भन्दा बढी लागूऔषधसहित हेटौँडाका एकजनालाई पक्राउ गरेको छ भने तीनजना तस्कर फरार भएका छन् । लागूऔषध गाँजासहित पक्राउ पर्नेमा हेटौँडा उप-महानगरपालिका- १३ स्थित पदमपोखरीका २७ वर्षीय बिवेक थिङ रहेको बारा प्रहरी प्रमुख एसपी सन्तोष तामाङले बताए ।


विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अमलेखगंजबाट वरिष्ठ सइ टेकबहादुर कार्कीको कमाण्डमा खटिएको टोलीले जीतपुर सिमरा २१ छठीमाइ घाट स्थित हेटौँडाबाट वीरगञ्जतर्फ जाँदै गरेको बा ०२-०४२-००९ प ७०९५ र ना ५४ प ५२७० नम्बरको २२० सि.सि.को पल्सर मोटरसाइकललाई चेक जाँच गर्न खोज्दा एकजना पक्राउ तथा तीनजना नाम वतन नखुलेको व्यक्तिहरु मोटरसाइकल छाडी फरार भएको बारा प्रहरी प्रवक्ता डीएसपी विजयराज पण्डितले बताएका छन् ।

हेटौँडाका थिङलाई नियन्त्रणमा लिइ दुबै मोटरसाइकल चेक जाँच गर्दा ४ वटा ब्यागमा रातो प्लास्टिकले बेरिएको ४ पोका ६२ किलो ५५ ग्राम लागूऔषध गाँजा बरामद भएको



प्रवक्ता पण्डितले जानकारी दिए । पक्राउ परेका थिङ माथि लागूऔषध सम्बन्धी मुद्दा दर्ता गरी थप अनुसन्धान तथा फरारको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय बाराद्वारा आइतबार जारी सूचनामा उल्लेख गरिएको छ । बारा प्रहरी प्रमुखको रूपमा एसपी सन्तोष तामाङले कमाण्ड सम्हाले देखि प्रहरीको सक्रियताले लागूऔषध कारोबारीहरु धमाधम पक्राउ पर्न थालेका छन् । सानो समय भित्रै दर्जनौं कारोवारी पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाइएको बारा प्रहरीले जनाएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८